मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष १८, अङ्क ११, २०८० साउन, पूर्णाङ्क २०७

गोकर्णेश्वर महादेव

गोकर्ण, काठमाडौं

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्युटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्
गृहिणी चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु


एक करोड गीतादान महाअभियान
सहभागी हुन इच्छुक महानुभावहरूलाई
हार्दिक स्वागत गर्दछौं ।
सहभागीताको लागि:
एक करोड गीतादान महाअभियान
New Baneshwor, Kathmandu, Nepal
Tel.: +977-01-4104316/6638000
E-mail: 1karodgeetadan@gmail.com
Facebook: Karod Geeta Dan
Website: www.ushaeduhouse.com
मूल्य: स्वविवेक
9 789937 122801
श्रीमद्भगवद्गीता
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
श्रीमद्भगवद्गीता
विष्णु सहस्रनाम सहित
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
विश्व कल्याण र धर्म संरक्षणको लागि
एक करोड गीतादान महाअभियान

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नंः ९८५१०३०९७२

पूर्वाञ्चल प्राप्ति स्थान-
वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान
बिर्तामोड, झापा ।
फोन- ०२३-५४४४४९

पश्चिमाञ्चल प्राप्ति स्थान
लुम्बिनी पूजा सामग्री प्रतिष्ठान, बुटवल
फोन- ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १८, अङ्क ११, २०८०, पूर्णाङ्क २०७

साउन २०८०

सोमबार	१	८	१५	२२	२९
मङ्गलबार	२	९	१६	२३	३०
बुधबार	३	१०	१७	२४	३१
बिहीबार	४	११	१८	२५	३२
शुक्रबार	५	१२	१९	२६	गौरी
शनिबार	६	१३	२०	२७	गौरी
आइतबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

ज्ञानी पुरुष आफ्नो ज्ञानद्वारा निरन्तर मलाई आफ्नो अन्तस्करणमा धारण गर्छ । तत्त्वज्ञानको उदय हुनाले जुन सिद्धि प्राप्त हुन्छ, त्यो तीर्थ, व्रत, जप, दान अथवा अन्तस्करणको शुद्धिबाहेक अरू कुनै साधनद्वारा पूर्णतया प्राप्त हुन सक्तैन । यस कारण उद्धव ! तिमी पनि ज्ञानपूर्वक आफ्नो आत्मस्वरूपलाई चिन, जान र पुनः अनन्यभक्तिभावले मेरो भजन गर । आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीनै विकारहरूको समष्टि नै शरीर हो र त्यो सर्वथा तिम्रो आश्रित छ । यो अघि थिएन र अन्त्यमा पनि रहने छैन, केवल बीचमा नै देखा परिरहेछ । यस कारण यसलाई जादूको खेलझैं माया नै सम्झनुपर्छ ।

यमनियमादि साधनहरूको वर्णन

उद्धवजीले कैयौं प्रश्न सोधे- भगवन् ! यम र नियम कति थरीका छन् ? शम, दम, तितीक्षा र धैर्य के हुन् ? हजुरले मलाई दान, तप, शौर्य, सत्य र ऋतको पनि स्वरूप भन्नुहोस् । अभीष्ट धन कुनचाहिँ हो ? यज्ञ कसलाई भन्छन् ? दक्षिणा, साँचो बल र लाभ के हुन् ? विद्या, घर, लज्जा, श्री तथा सुख र दुःख के हुन् ? पण्डित र मूर्खको लक्षण के हो ? सुमार्ग र कुमार्ग कसलाई भन्दछन् ? स्वर्ग र नरक के हो ? दाजुभाइ बन्धु कसलाई मान्नुपर्छ ? धनवान् र निर्धन कसलाई भन्छन् ? कृपण को हो ? ईश्वर भनेको के हो ? प्रभो ! हजुरले कृपा गरी मेरा यी प्रश्नहरूको उत्तर दिनुहोस् ।

भगवान् श्रीकृष्णले उद्धवका प्रश्नहरूको उत्तर दिँदै भन्नुभयो- अहिंसा, सत्य, चोरी नगर्नु, अनासक्ति, लज्जा, असञ्चय, आस्तिकता, ब्रह्मचर्य, मौन, स्थिरता, क्षमा र अभय यी बाह्र यम हुन् । शौच, जप, तप, दम, हवन, श्रद्धा, अतिथिसेवा, भगवत्सेवा, तीर्थयात्रा, परोपकार, सन्तोष र गुरूसेवा यी बाह्र नियम हुन् । जुन साधकले यिनको पालन गर्छ, ती यमनियमले उसको इच्छानुसार त्यसलाई भोग र मोक्ष दुवै दिन्छन् । बुद्धि ममा लाग्नु नै शम हो । इन्द्रियहरूका संयमको नाम नै दम हो । दुःख सहनुको नाम नै तितीक्षा हो । जिभ्रो र जननेन्द्रियामाथि विजय पाउनु नै धैर्य हो । कुनै प्राणीसित पनि द्रोह नगर्नु र सबैलाई अभय दिनु दान हो । कामनाहरूको त्याग गर्नु नै तप हो । आफ्ना वासनाहरूमाथि विजय प्राप्त गर्नु नै शौर्य हो । सर्वत्र सत्यस्वरूप परमात्माको दर्शन नै सत्य हो ।

सत्य र मीठो भाषण नै ऋत हो । कामहरूमा आसक्त नहुनु नै शौच हो । कामनाको सच्चा त्याग नै संन्यास हो । धर्म नै मानिसको साँचो (सच्चा) धन हो । परमेश्वर नै यज्ञ हो । ज्ञानोपदेश दिनु नै दक्षिणा हो । प्राणायाम नै श्रेष्ठ बल हो । मेरो श्रेष्ठ भक्त नै उत्तम लाभ हो । सत्यविद्या त्यही हो जसबाट ब्रह्म र आत्माका बीचको भेद मिटेर जान्छ । पाप गर्नुबाट घृणा हुनुको नाम नै लज्जा हो । मानवशरीर नै सत्य घर, साँचो घर हो । निरपेक्षता नै शरीरको सत्य सौन्दर्यश्री हो । सुख र दुःखको भावना सदाका लागि नष्ट भएर जानु नै सुख हो र विषयभोगको कामना नै दुःख हो । जसले बन्धन र मोक्षको तत्त्व जान्दछ उही पण्डित हो । शरीर आदिमा जसको अहन्ता छ त्यो नै मूर्ख हो । जसले मलाई प्राप्त गराइहाल्छ त्यही सत्यसुमार्ग हो । चित्तको बहिर्मुखता नै कुमार्ग हो । सत्वगुणको वृद्धि स्वर्ग र तमोगुणको वृद्धि नरक हो । गुरू नै साँचो अर्थमा दाजुभाइ बन्धुबान्धव हुन् । त्यो गुरू म नै हुँ । जो सद्गुणले सम्पन्न छ त्यो नै सच्चा धनी हो र जसको चित्तमा असन्तोष व्याप्त छ उही दरिद्र हो । जो जितेन्द्रिय छैन त्यो कृपण हो । समर्थ स्वतन्त्र र ईश्वर त्यो हो जसका चित्तवृत्तिहरू विषयहरूमा आसक्त छैनन् । यसका विपरीत असमर्थ हुन् । सबैको सारांश यही ठान गुणहरू र दोषहरूतिर दृष्टि जानु नै सबैभन्दा ठूलो दोष हो र शान्त निःसङ्कल्प स्थिति नै सबैभन्दा ठूलो गुण हो । क्रमशः

करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवण नयनजं वा मानसं वापराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व
जय जय करुणाब्धे श्रीमहोव शम्भो ॥

हात, खुट्टा, वाणी, शरीर, कर्म, कान, आँखा वा मनले चाहे जानेर वा नजानेर जुनसुकै अपराध गरेको भए पनि हे करूणाका सागर महादेव शम्भो ! मलाई माफ गरिदिनुहोस् ।

सम्पादकीय

पृथक साउन

साउन महिना भगवान् शिवको विशेष पूजा र आराधना गरिने महिना हो । साउनमा पनि विशेष गरी सोमबारको दिन भगवान् शिवको उपासना गरेमा शिवकृपा प्राप्त हुने धार्मिक मान्यता छ । थोरै मात्र भक्ति, पुकार एवम् आराधनाले प्रसन्न हुने भएकोले भगवान् शिवलाई आशुतोष पनि भनिन्छ । भगवान् शिव प्रसन्न हुनुभयो भने उहाँले भक्तजनहरूलाई जुनसुकै वरदान प्रदान गर्ने भएकाले पनि उहाँको विशेष आराधना गरिएको हुनुपर्दछ ।

यस पटकको साउन महिना भने अन्य वर्षमा आउने साउन महिनाभन्दा अलि पृथक छ । साउनको २ गतेबाट अधिकमास प्रारम्भ हुने र अधिकमासकै बीचमा १८ गतेबाट शुक्र अस्त हुने भएकोले यो महिनामा अन्य वर्षका साउन महिनाभन्दा फरक ज्योतिषीय योग परेको हो । पुरुषोत्तम मास भएको हुँदा यसपटकको साउन भगवान् शिवसँगै पुरुषोत्तम भगवान् (विष्णु)को उपासना गर्ने विशेष अवसर पनि हो ।

यस पटकको साउनमा अधिकमास र शुक्रअस्त समेत परेको हुँदा साधकहरूले धार्मिक अनुष्ठान गर्दा गराउँदा विशेष सावधानी अपनाउनु पर्ने देखिन्छ । पूजा, उपासनाका कार्यहरू मात्रै नभई राजनीतिक नियुक्ति र अन्य भौतिक निर्माण लगायतका कार्यहरूको थालनी गर्न समेत यस प्रकारको योग उपयुक्त नहुने धार्मिक मान्यता छ । के गर्न हुने ? के गर्न नहुने ? के गर्दा पनि हुने ? आदि विषयमा शास्त्रीय मर्यादामा रही कार्य गरेमा नै लक्षित फल प्राप्त हुने, तर शास्त्रीय मर्यादाको विपरीत कार्य गरेमा विपरीत फल समेत प्राप्त हुने विद्वान्हरूको मत छ । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

जीवन सूर्यकान्त शर्मा ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

विशेष

पुरुषोत्तममासको ... प्रा. भवानीप्रसाद खतिवडा ६

समसामयिक

विशुद्ध ज्ञानमय.... सहप्रा. डा. विनुबाबा अर्याल १०

आध्यात्मिक वार्ता

भक्तहरूका साथ... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' १२

समय-सन्दर्भ

साउन सोमबार व्रत... पं. बालमुकुन्द देवकोटा १४

अन्तरवार्ता

शिखहरूले शरीरधारी.... गकुलानन्द स्वामी १८

खोज

पशुपतिनाथ र .... प्रा. नवराज घिमिरे २१

देश-दर्शन

पशुपति क्षेत्रले बिर्सेको... हरिप्रसाद सोडारी २६

योग

वेदमा अष्टाङ्गयोगको... योगी रमेश सिटौला २९

पुस्तक समीक्षा

साधना सूत्र परिचर्चाको.. डा. इन्दुल केसी ३३

गतिविधि ३५

जीवन

पं. सूर्यकान्त शर्मा

जे जे भयो सब बित्यो अव धेर काल
संसारको रस नराख हटाई हाल ।
संभी परम् पद स्वरूप 'हरि' भजेर
आनन्द लेऊ मनभित्र स्वयं रमेर ॥

दोषी बनेर अरूको नदुखाउ चित्त
यस्तो अनित्य भवको सुखका निमित्त ।
सन्तोष मान जति जे चिज मिल्छ खाउ
संभ्रेर नित्य परमात्मा मै रमाउ ॥

बिर्सि स्वरूप मनभित्र कुरा चलाई
संसारि भोग तिर लठ्ठ भई रमाई ।
बेहोसमा जति कुरा गरियो अगाडी
माफी म माग्दछु प्रभो अव देखि छाडि ॥

क्यै छैन शक्ति प्रभु भिन्न भनी विचार
यी दृष्य जन्तु जड तत्त्व सबै बिकार ।
भन्ने बुझेर भवबाट निकाल चित्त
साक्षी भएर बस फुत्कनका निमित्त ॥

मिल्छौ भने यिनीहरूसँग चित्त राखी
संसारकै विषयका रस चाखी चाखी ।
पर्ने छ जन्मनु र मर्नु अनेक बार
संसारको रस नराख यहीं निखार ॥❖

–देवघाटधाम, चितवन

गीता द्वितीय अध्याय

सांख्ययोग



–आचार्य खेमराज केशवशरण

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ।४०।

अन्वयः इह अभिक्रमनाशः न अस्तिः प्रत्यवायः न विद्यते अस्य धर्मस्य स्वल्पम् अपि महतः भयात् त्रायते।

सरलार्थः यसमा प्रारम्भ गरेको कुनै साधना खेर जाँदैन । कुनै प्रत्यवाय पनि लाग्दैन । आत्माको अमरता स्वधर्मको परिपालन र अनासक्त कर्मयोगको अनुशरणबाट हुन्छ । यस धर्मको थोरै मात्र पालन गर्न सके पनि यसले ठूलो डरबाट बचाउँछ ।

भावार्थचन्द्रिकाः अहिलेसम्म बताइएका आत्माको अमरता, स्वधर्मको परिपालन र अनासक्त कर्मयोग तीनै कुरालाई समेटेर भगवान्ले यहाँ धर्म शब्दको उल्लेख गर्नुभएको छ । आत्माको नित्यतामा अटल विश्वास राख्नु, आफ्नो कर्तव्यको पालन गर्दा अनुकूल प्रतिकूलको ख्याल नगरी समभावले गर्नु र फलाशा नराखी कर्मफललाई भगवान्मा अर्पण गरेर निःस्पृह भावले लोकहितको निम्ति शुभ कर्म गर्नु यी सबै धर्म शब्दभित्र पर्ने संकेत यहाँ भगवान्ले गर्नुभएको छ ।

यस धर्मको आचरणमा शुद्ध मनले लाग्नेहरूले गरेको खेर जाँदैन, कुनै पाप, विघ्न वा दोष पनि आइलाग्दैन । यस शुभ धर्मको आचरण थोरै मात्र गर्न सके पनि त्यसले साधकको ठूलो कल्याण गरिदिन्छ । यसरी सुल्झिएको मानसिकताले शुभ कर्म गर्ने मानिस सबै भयबाट मुक्त हुन्छ । नियमकानूनको उल्लंघन नगरी अनुशासनको बाटो हिंड्ने व्यक्तिलाई कुनै दण्डसजायको डर नभएजस्तै यस सत्यधर्मको अनुसरण गर्ने साधकलाई डरले कहिल्यै छुन नसक्ने कुरा भगवान् यहाँ बताइरहनुभएको छ । किनभने समर्पित साधकको, सच्चा साधुको संरक्षण स्वयं भगवान् गर्नुहुन्छ ।

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ।४१।

अन्वयः हे कुरुनन्दनः इह एका व्यवसायात्मिका बुद्धिः। अव्यवसायिनां, बुद्धयो हि, बहुशाखाः अनन्ताश्व।

सरलार्थः हे कुरूवंशभूषण अर्जुन ! यो योगको साधनामा एउटै निश्चयात्मक बुद्धि हुन्छ । तर यस साधनामा नलागेको निश्चयात्मक बुद्धि नभएका मानिसहरूका बुद्धि चाहिँ अनेकौं शाखा भएका र कुनै कुराको टुङ्गो फेला नपार्ने खालका हुन्छन् ।

भावार्थचन्द्रिकाः एकात्मक निश्चयलाई नै यहाँ 'व्यवसाय' भनिएको छ । आफ्नो स्वभाव, आफ्नो मूल प्रवृत्ति अनुकूल सहज कर्म रोजी यो काम मैले निश्चय नै गर्नुछ भन्ने धारणा राखेर कर्म गर्न प्रेरित गर्ने बुद्धि नै व्यवसायात्मिका बुद्धिका रूपमा स्वीकारिएको छ । यस्तो दृढ निश्चययुक्त बुद्धि योगको साधनाक्रममा मात्र संभव हुन्छ । छरिएको मानसिकतामा बुद्धि पनि बरालिन पुग्दछ । दृढ निश्चय नहुनेहरूनै यहाँ अव्यवसायी कहलाएका छन् । अव्यवसायीहरूको बुद्धि सधैं अस्थिर भैं कुनै कुराको निर्णयमा पुग्न नसक्ने हुन्छ ।

सुखदुःख लाभ हानि र जय पराजय जस्ता द्वन्द्वहरूलाई समभावले स्वीकार गर्दै आत्माको नित्यतामा विश्वास राखेर स्धर्मको परिपालन गर्दै ईश्वरार्पण बुद्धिले शुभ कर्म गर्ने साधकहरूको बुद्धि विषयको विकारबाट विचलित हुन पाउँदैन र एकात्मक हुन्छ । तर जगत्को सुख लिप्साबाट सधैं विचलित हुने अधीर व्यक्तिको बुद्धि चाहिँ कुनै कुरामा नअड्ने, अनन्त र अस्थिर हुन्छ । अनेकौं चाहना र तिनको परिपूर्ति निम्ति अनेकौं उपायहरू ती चञ्चल बुद्धिहरूले सोचिरहन्छन् । अब कर्मयोगको साधनामा बाधक बन्ने सकाम भावनामा जेलिनेहरू कस्ता हुन्छन् भन्ने बारेमा भगवान् अगाडि तीन श्लोकमा बताउनुहुन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरणको वि.सं. २०७४ साल साउन १८ गते निधन भएको हो । उहाँका पारिवारिक श्रोतबाट प्राप्त भएको उहाँद्वारा भावानुवादित गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमशः प्रकाशित गरिरहेका छौं ।)

पुरुषोत्तममासको महिमा र कर्तव्याकर्तव्य विवेक

प्रा. भवानीप्रसाद खतिवडा

१. उपक्रम

समय स्वयंमा अनादि, अनन्त, अखण्ड छ, तापनि व्यावहारिक दृष्टिले जन्यकालको परिकल्पना गरी समयलाई बेध, लव, निमेश, क्षण, काष्ठा, लघु, नाडिका, मुहूर्त, प्रहर, अहोरात्र, दिन, सप्ताह, पक्ष, मास, ऋतु, अयन र सम्बत्सर आदिमा विभक्त गरेर भिन्न भैं व्यवहार गरिन्छ ।

उपर्युक्त समयको इकाइ मध्ये सबैभन्दा ठूलो इकाइ सम्बत्सर हो । एक सम्बत्सर अन्तर्गत बाह्र महिना हुन्छन् । ती महिनाहरू सौर, चान्द्र, सावन र नाक्षत्रका भेदले चार प्रकारका छन् । सूर्यको गतिलाई आधार मानेर मानेको मास सौरमास हो । सौरमास अनुसार एक वर्षको दिन संख्या ३६५ हुन्छ । चन्द्रमाको गतिसँग सम्बन्धित मास चान्द्रमास हो । चान्द्रमान अनुसार ३५४ दिनको एक वर्ष हुन्छ । व्यावहारिक दिनगन्तीमा आधारित सामाजिक व्यवहारमा मान्यता प्राप्त मास सावनमास हो । यस सावनमासमा जम्मा ३० दिन हुन्छन् । यस हिसाबले सावनबर्ष १२×३०=३६० दिनको हुन्छ । यसैगरी नक्षत्रको गतिमा आधारित मासलाई नाक्षत्रमास भनिन्छ । त्यो नाक्षत्र मानको गणना अनुसार २७ नक्षत्रलाई १२ ले गुणन गर्दा अर्थात् १२×२७= प्राप्त हुने गुणन फल अनुसार ३२४ दिनको एक नाक्षत्र बर्ष हुन्छ ।

नेपाल र भारतमा खगोल शास्त्रीय गणना अनुसार मिश्रित रूपमा सौरमास र चन्द्रमास दुवैलाई मान्ने प्रचलन छ । अफिस, अड्डा, अदालत, क्याम्पस र घरायसी व्यवहारमा समेत व्यवहार गर्दा सौरमास अथवा सौरदिन (गते)को प्रयोग गरिन्छ । चाड, पर्व, जन्मोत्सव, तिथि, श्राद्ध अर्थात् कुनै पनि धार्मिक कर्म गर्दा चान्द्रमास र चान्द्रदिन(तिथि)लाई नै प्रयोग गर्ने हाम्रो धर्मशास्त्रीय मर्यादा छ । सौरमास निर्माणमा भने सौर चान्द्र र नाक्षत्र मासको परस्परमा अन्योन्याश्रित सम्बन्ध छ ।

२. सौर, चान्द्र र नाक्षत्रमासको सम्बन्ध

सौर मासका वैशाख, जेष्ठ, आषाढ आदि बाह्र महिनाका नामहरू चान्द्रतिथि पूर्णिमा र नक्षत्रका आधारमा आधारित छन् । जस्तै विशाखा नक्षत्रले युक्त भएको पूर्णिमा वैशाखी पूर्णिमा हो । त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो वैशाख महिना हो । जेष्ठा नक्षत्रले युक्त भएको पूर्णिमा जेष्ठी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना जेष्ठ अथवा जेठ महिना हो । पूर्वा अथवा उत्तरा आषाढा नक्षत्रले युक्त भएको पूर्णिमा आषाढी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना आषाढ महिना हो । श्रावण नक्षत्रले युक्त भएको पूर्णिमा श्रावणी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना श्रावण महिना हो । पूर्वा अथवा उत्तरा भाद्रा नक्षत्रले युक्त भएको पूर्णिमा भाद्री पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना भाद्र महिना हो । अश्विनी नक्षत्रले युक्त भएको पूर्णिमा आश्विनी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना आश्विन महिना हो । कृतिका नक्षत्रले युक्त भएको पूर्णिमा कार्तिकी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना कार्तिक महिना हो । मृगशिरा नक्षत्रले युक्त भएको पूर्णिमा मार्गशीर्षा पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना मार्गशीर्ष (मङ्सिर) महिना हो । पुष्य नक्षत्रले युक्त भएको पूर्णिमा पौषी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना पौष महिना हो । मघा नक्षत्रले युक्त भएको पूर्णिमा माघी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना माघ महिना हो । पूर्वा अथवा उत्तरा फाल्गुनी नक्षत्रले युक्त भएको पूर्णिमा फाल्गुनी पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना फाल्गुण महिना हो । चित्रा नक्षत्रले युक्त भएको पूर्णिमा चैत्री पूर्णिमा हो, त्यो पूर्णिमा जुन सौरमास भित्र पर्दछ त्यो महिना चैत्र महिना हो ।

यसरी सौर्यमास अन्तर्गत विद्यमान वैशाख, जेष्ठ,

आषाढ आदि बाह्रै महिनाको नाक्षत्रमास र चान्द्रमाससँग अन्योन्याश्रित सम्बन्ध भएजस्तै सौरमास र चान्द्रमासको पारस्परिक न्यूनाधिकताको कारणले गर्दा सौरमास अनुसार २ बर्ष ८ महिना १६ दिन ४ घडी बितेपछि ३० दिनको एउटा अधिक मास छुट्टै प्रकट हुन्छ ।

३. ३० दिनको अधिकमास प्रकट प्रक्रिया

उपर्युक्त ज्योतिष शास्त्रीय सूक्ष्म गणना अनुसार ३६५ दिन १५ घडी ३१ पला र ३१ विपलाको एक सौरबर्ष हुन्छ भने चान्द्रबर्षमा जम्मा ३५४ बर्ष मात्र हुन्छन् । यी दुई बर्ष बीचको भिन्नता एक बर्षमा मोटामोटी ११ दिन हुन्छ । यस हिसाबले ३ बर्षमा ३३ दिन अधिक हुन आउँछन् । यसरी विचार गर्दा २ बर्ष ८ महिना १६ दिन ४ घडी बितेपछि ३० दिनको एक अधिकमास छुट्टै प्रकट हुन्छ । ज्योतिष शास्त्रमा भनेको पनि छ–

द्वात्रिंशद्‌भिगर्तैर्मासैर्दिनैः षोडषभिस्तथा ।
घटिमानां चतुष्केण पतत्यधिकमासकः ॥

उपर्युक्त ३३ महिना मध्ये २ बर्ष ८ महिना १६ दिन ४ घडीबाट बँचेका ३ दिन क्रमशः एक आपसमा थपिँदै जाँदा धेरै बर्ष पछि एकै बर्षमा दुई वटा अधिकमास र त्यसै बर्ष एउटा क्षयमास पनि पर्दछ । त्यो क्षयमास ती दुई अधिकमासका बीचमा पर्दछ । क्षयमास भन्दा पछिको अधिकमासको नाम अंहस्पति र पूर्वको अधिकमासको नाम संसर्प हो । संसर्प अधिकमास भन्दा अंहस्पति केही शुद्ध मानिन्छ । वैदिक सनातन धर्ममा आस्था राख्ने सबैलाई यो सामान्य ज्ञान हुनुपर्छ कि कार्तिक, मङ्सिर र पुष यी तीन सौरमासमा कहिल्यै पनि अधिकमास पर्दैन । यी बाहेक अन्य कुनै पनि महिनामा अधिकमास पर्न सक्तछ । पञ्चाङ्ग गणना गर्दै जाँदा उपर्युक्त तीन महिना बाहेक अरू कुनै पनि महिनाको शुक्ल प्रतिपदादेखि औंसीको अन्तिम घडीसम्म एउटा पनि सूर्य संङ्क्रान्ति परेन भने त्यस असङ्क्रान्ति चान्द्रमासलाई मलमास, अधिकमास अथवा अधिमास भनिन्छ । २ वर्ष ८ महिना १६ दिन ४ घडी व्यतीत भएपछि उपर्युक्त तीन महिना बाहेक कुनै पनि महिनामा अवश्य आउने हुनाले यो अधिकमास नियमित मास मानिन्छ । यो अधिक मास जस्तै क्षयमास पनि चान्द्रमास नै हो । एउटा चान्द्रमासभित्र दुईवटा संङ्क्रान्ति परे भने त्यस चान्द्रमासलाई क्षयमास भनिन्छ । यो क्षयमास कार्तिक, मङ्सिर र पुष महिनामा मात्र पर्दछ । यस विषयमा शास्त्रीय वचन यस प्रकार छ–

असङ्क्रान्ति मासोकधिमास स्फुटं स्यात्
द्वि सङ्क्रान्ति मासः क्षयाख्य कदाचित् ।
क्षयः कार्तिक्यादित्रये नान्यतः स्यात्
तदा बर्षमध्ये कधिमासो द्वयञ्च ॥

यो क्षयमास अधिकमास जस्तो नियमित होइन । कहिले धेरै बर्षसम्म पनि यो क्षयमास आउँदैन भने कहिले १९-२० बर्ष मै देखा पर्दछ । त्यसकारण क्षयमासलाई अधिक (पुरुषोत्तम)मास जस्तो नियमित र पवित्रमास मानिदैन ।

४. अधिकमास पवित्र पुरुषोत्तममास हुनुको कारण

उपर्युक्त हिसाबले विचार गर्दा सिद्ध भएको तीन बर्षसम्मको सौरमासको मलतुल्य अधिकमासलाई मलमास भन्दै सबैले तिरस्कार एवम् निन्दा गर्न थाले पछि मानव समाजबाट तिरस्कृत तथा बहिष्कृत भएको व्यक्ति न्यायाधीश कहाँ शरण लिन गएजस्तै यो मलमास पनि रूँदै एवम् विलाप गर्दै भगवान् विष्णुका शरणमा पुग्यो । त्यसपछि भगवान् विष्णुले पनि हे मलमास ! यो तिम्रो समस्या समाधान गर्ने एक मात्र गोलकवासी भगवान् श्रीकृष्ण हुनुहुन्छ । त्यसकारण हिँड गोलोक जाऔँ भनेर त्यो मलमासलाई डोर्‍याउँदै साथमा लिएर भगवान् विष्णु गोलोक जानुभयो । त्यहाँ पुर्‍याए पछि त्यो मलमासले तिरस्कृत भएर जीवन व्यतीत गर्नुको सबै कारण विष्णु भगवान्‌ले श्रीकृष्णलाई सुनाउनु भयो । त्यसपछि परब्रह्म परमात्मा भगवान् श्रीकृष्णले मलमासलाई लक्ष्य गरेर भन्नु भयो–

एतन्मासाधिपश्चाहं मयैवाहं प्रतिष्ठितः।
पुरुषोत्तमेति मन्नाम तदप्यस्मै समर्पितम् ॥
तिरष्कुर्वन्ति ये मूढा मलमासं मम प्रियम् ।
नाचरिष्यन्ति ये धर्मं ते सदा निरयालयाः ॥

आजदेखि मेरो यो पवित्र पुरुषोत्तम नाम मैले यस मलमासलाई प्रदान गरेको छु । त्यसकारण यस मलमासको नाम आजदेखि पुरुषोत्तम हुनेछ । यसलाई वासस्थानको रूपमा मैले आफ्नो लोक गोलोको दिएको छु । अतः आजदेखि यो यहीँ बस्दछ । आज उप्रान्त जसले यस पुरुषोत्तम महिनाको निन्दा गर्दछ त्यसले यस लोकमा स्थान, मान, नामहीन

भएर संसारमा नराम्रो दुःख पाउँनेछ र मरेपछि नारकीय यातना प्राप्त गर्दछ। तर जसले यस पुरूषोत्तममास भरि व्रत लिएर पुरूषोत्तम नामले मेरो पूजा गर्दछ त्यसले बाचुन्जेल यस लोकमा सुख, शान्ति, समृद्धि भगवद्भक्ति प्राप्त गरेर यो जीवनलीला समाप्त भएपछि सजिलै मेरो लोक गोलोक धाम प्राप्त गर्दछ। भगवान्का यस्ता वाणी सुनेर पुरूषोत्तम भावमा प्राप्त भएको त्यो अधिकमास प्रसन्न भएर सदैव पुरूषोत्तम नामले पूजित भएर भगवान्को प्यारो भएर रहन थाले। यसरी पुरूषोत्तम भावमा प्राप्त भएका अधिकमासमा मुख्य रूपमा गर्नु पर्ने कर्म, गर्दा पनि हुने कर्म र गर्नु नहुने कर्म गरी कर्मलाई जम्मा तीन भागमा विभाजन गरिएको छ।

५. पुरूषोत्तम महिनामा गर्नु हुने कर्म

मलेकनन्यगतिं कुर्यात् नित्यनैमित्तिकां क्रियाम्॥

मलमासको समयमा र गुरू शुक्रास्तको समयमा अनन्यगतिक कर्म र नित्यनैमित्तिक उभय कर्म गर्नुपर्दछ। मलमासमा र गुरू शुक्रास्तको समयमा पनि गर्नु पर्ने अनन्यगतिक कर्महरू यसप्रकार छन् : जातकर्म, नामाकरण(न्वारन), अन्नप्राशन, कारीरीयाग, रक्षोघ्नयाग, रोगशान्तिका लागि गरिने शान्तिकर्म, पञ्चकशान्ति, चातुर्मास पुराण, आतुरावस्थामा गरिने दशदान, वैतरणी, दशगात्र क्रिया, ग्रहण निमित्तक स्नान, दान, जप, पाठ, पूजा, होम आदि। युगादि श्राद्ध, मन्वादिश्राद्ध, दर्शश्राद्ध, वारूणियोग, महावारूणियोग आदि अलभ्य योग पर्न गए तन्निमित्तक स्नान, दानादि। उनमासिक, त्रैपाक्षिक(पैतालीस दिनको मासिक), उनषाड्मासिक, उनाब्दिक र मासिक श्राद्ध, मघात्रयोदशी श्राद्ध, अधिक मासमा दिवङ्गत भएका व्यक्तिहरूको बरखी, श्राद्ध, आशौचान्त गरिने शुद्ध शान्ति (शुद्धाइँ) गर्नु हुन्छ।

त्यसैगरी पुरूषोत्तम महिनामा गरिने ३३ वटा मालपुवा दान गर्नुहुन्छ। यो साल पुरूषोत्तम महिना भित्रै श्रावण १८ गतेदेखि शुक्र अस्त हुने हुनाले शुक्र अस्त भएको समयमा पनि पुरूषोत्तम व्रतको साङ्गे गर्नु अनन्यगतिक कर्म भएको हुनाले गर्नुहुन्छ। नित्य श्रावण महिनामा गर्ने गरेको नियमित रूद्री पनि नित्यनैमित्तक उभयकर्म भएको हुनाले गर्नुहुन्छ। श्रावण महिनामा पुरूषोत्तम महिना भएको हुनाले रूद्री गर्न नपाइने भन्ने हुँदैन। यो नियमित गर्ने गरेको कर्म गर्दा हुन्छ।

६. पुरूषोत्तम मासमा गर्दा पनि हुने कर्म

श्रीमद्भागवतं भक्त्या श्रोतव्यं पुरुषोत्तमे।

तत्पुण्यं वचसा वक्तुं विधातापि न शक्नुयात्॥ (पु मा २२/३०)

पुरूषोत्तम महिनामा निष्काम भावले भक्तिपूर्वक भागवत श्रवण गर्दा हुने पुण्यको महिमालाई स्वयं ब्रह्माजीले पनि बताउन सक्नु हुन्न भनेर पुरूषोत्तम मासमाहात्म्यमा भनेको हुनाले कुनै पनि कामना नराखी पुरूषोत्तम महिनाभरि भागवत पुराण श्रवण गर्दा पनि हुन्छ। तर पितृमुक्तिका लागि

सकाम भावले सप्ताह, नवाह चाहिँ गर्नुहुँदैन। शालिग्रामार्चनं कार्यं मासे श्रीपुरुषोत्तमे।

तुलशीदललक्षेण तस्य पुण्यमनन्तकम्॥ (पु मा २२/३१)

पुरूषोत्तम महिनामा एकलाख तुलशीपत्रले शालग्रामको पूजा गऱ्यो भने त्यस पूजाबाट प्राप्त हुने पुण्य अक्षय हुन्छ भन्ने वचन पुरूषोत्तम मासमाहात्म्यमा नै भएको हुनाले तुलशी पत्रद्वारा शालग्राम भगवान्को पूजा आराधना भव्यताका साथ गर्दा हुन्छ। यसरी विचार गर्दा के कुरा सिद्ध हुन्छ भने गुरू शुक्रास्तको समयमा र पुरूषोत्तम मासमा निष्काम कर्म, नित्यकर्म र अनन्यगतिक नैमित्तिक कर्म गर्दा पनि हुन्छ तर अन्यगतिक इष्ट, पूर्त, दत्त आदि काम्य कर्म कदापि गर्नुहुन्न।

७. गुरुशुक्रास्त र पुरुषोत्तम महिनामा गर्नु नहुने कर्म

"रविणा लङ्घितो मासो ह्यनर्ह सर्वकर्मसु" अर्थात् सूर्य सङ्क्रान्तिले रहित भएको महिना अन्यगतिक (अरू समयमा पनि गर्न मिल्ने) नैमित्तिक कर्म गर्न अयोग्य हुन्छ भनेर धर्मशास्त्रमा बताएको हुनाले वापी (तल जाने सिडी भएको जलासय) बगैंचा, तलाउ, कुवा, इनार खन्ने काम, घरको आरम्भ, प्रतिष्ठा, व्रतारम्भ, व्रतको उद्यापन वधुप्रवेश, महादान, सोमयाग, सप्ताह, नवाह, शतचण्डी, सहश्रचण्डी, लक्ष्य हवन, कोटिहोम, अष्टका श्राद्ध, गोदान, नवान्नप्राशन, पहिलो पटक गरिने श्रावणीकर्म, देवव्रत, काम्यवृषोत्सर्ग, अतिपन्न (मुख्य समयमा नभएको जातकर्म, नामकरण, अन्नप्राशन आदि) शिशुसंस्कार, देवताको प्रतिष्ठा, दीक्षाग्रहण, व्रतबन्ध, विवाह, चूडाकर्म, पहिलो पटक देवताको दर्शन(तीर्थयात्रा), संन्यास ग्रहण, अग्निहोत्र आरम्भ, राज्याभिषेक, पहिलो पटक कुनै देशको यात्रा, चातुर्मास व्रतको आरम्भ र समाप्ति, समावर्तन, कर्णवेध, दिव्य परीक्षा र नयाँ सरकार गठन गरेर सपथ ग्रहण गर्ने गराउने कार्य र राजदूत नियुक्ति पनि गर्नुहुँदैन । यी सबै कर्महरू पुरूषोत्तममासमा, क्षयमासमा, विश्वघस्रपक्ष र गुरू शुक्रास्तको समयमा गर्नु हुँदैन । साथै गुरू शुक्र अस्त हुनु पूर्व न्यूनतम तीन दिनदेखि ग्रह तेजहीन हुने हुनाले बृद्धत्व र उदय भएपछि पनि न्यूनतम तीन दिनसम्म अल्प तेज हुने हुनाले शिशुत्व दोष लाग्छ । त्यसकारण गुरू शुक्र अस्त हुनुभन्दा पहिले तीन दिनदेखि र गुरू शुक्र उदय भएपछिका तीन दिनसम्म उपर्युक्त काम्य कर्म गर्नुहुँदैन । नित्यकर्म गर्न भने छोड्नु हुँदैन ।

आरब्धकाम्यस्य मलमासेकप्यनुष्ठानम् । शुद्ध समयमा आरम्भ गरेको काम्यकर्म मलमास, गुरू शुक्रास्तको समयअवधिमा पनि गर्नु हुन्छ । तर "नूतनारम्भ समाप्तिश्च नैव कर्तव्य" अर्थात् नयाँ कर्मको आरम्भ र शुद्ध समयमा आरम्भ गरेका कर्मको समाप्ति (साङ्गे) चाहिँ गर्नु हुँदैन, भनेको हुनाले शुद्ध समयमा आरम्भ गरेका कर्मको निरन्तरता दिन हुन्छ । साङ्गे र गरिरहेका कर्ममा थपघट गर्नु हुँदैन । शुद्ध समयमा आरम्भ गरेका कर्मको साङ्गे शुद्ध समयमा नै गर्नुपर्छ । परन्तु अधिकमासमा नै आरम्भ भएर अधिक मासमा नै समाप्त हुने पुरूषोत्तममास व्रतको साङ्गे चाहिँ गर्नु हुन्छ ।

८. पुरूषोत्तम भगवान्को प्रार्थना गर्ने मन्त्र

पुरूषोत्तम भगवान्को व्रत लिने व्यक्तिहरूले निम्न मन्त्र निरन्तर पाठ गर्नु पर्दछ ।

वन्दे नवघनश्यामं द्विभुजं मुरलीधरं ।

पीताम्बरधरं देवं सराधं पुरुषोत्तमम् ॥ (पु मा २५/२०)

नयाँ मेघको जस्तो श्याम वर्ण भएका, दुई हातमा मुरली धारण गर्ने, पीताम्बर वस्त्र धारण गर्ने, राधाले सहित भएका पुरूषोत्तम भगवान्लाई म वन्दना गर्दछु । यसैगरी पुरूषोत्तम महिनामा भगवान्का ३३ नाम पनि प्रतिदिन पाठ गर्नु पर्दछ ।

९. पुरूषोत्तम भगवान्का ३३ नाम

ॐ विष्णवे नमः, ॐ जिष्णवे नमः, ॐ महाविष्णवे नमः, ॐ हरये नमः, ॐ कृष्णाय नमः, ॐ अधोक्षजाय नमः, ॐ केशवाय नमः, ॐ माधवाय नमः, ॐ रामाय नमः, ॐ अच्युताय नमः, ॐ पुरुषोत्तमाय नमः, ॐ गोविन्दाय नमः, ॐ वामनाय नमः, ॐ श्रीशाय नमः, ॐ श्रीकण्ठाय नमः, ॐ विश्वसाक्षिणे नमः, ॐ नारायणाय नमः, ॐ मधुरिपवे नमः, ॐ अनिरुद्धाय नमः, ॐ त्रिविक्रमाय नमः, ॐ वासुदेवाय नमः, ॐ जगद्योनये नमः, ॐ अनन्ताय नमः, ॐ शेषशायिने नमः, ॐ सङ्कर्षणाय नमः, ॐ प्रद्युम्नाय नमः, ॐ दैत्यारये नमः, ॐ विश्वतोमुखाय नमः ॐ जनार्दनाय नमः, ॐ धरावासाय नमः, ॐ दामोदराय नमः, ॐ मुरमर्द्धनाय नमः, ॐ श्रीपतये नमः ।

१०. उपसंहार

चित्तशुद्धिपूर्वक भगवत्तत्त्व साक्षात्कार होस् भन्ने पवित्र भावनाका साथ प्रत्येक दिन अथवा पुरूषोत्तम मासको अन्तिम दिन ३३ वटा मालपुवा काँसको थालमा राखेर काँसकै थालले छोपेर, पहेंलो वस्त्रले ढाकेर, पहेंलै धागोले सात फेरा बाँधेर दान गर्दा पूजा गर्ने मन्त्र पनि यिनै भगवान्का पवित्र ३३ नाम हुन् ।

यसरी पुरूषोत्तममासको महिमालाई राम्ररी बुझेर पुरूषोत्तम महिनामा गर्नु पर्ने कर्म, गर्दा पनि हुने कर्म र गर्नु नहुने कर्मको राम्ररी विचार गरेर कर्तव्याकर्तव्य विवेकपूर्वक भगवान् पुरूषोत्तम नारायणको आराधना एवम् उपासना श्रद्धा भक्तिकासाथ गर्ने सन्मति सबैमा सदैव सर्वत्र प्राप्त होस् ।❖

-कुमारीगाल, काठमाडौं

विशुद्ध ज्ञानमय ‘परमात्माशिव’

-सहप्रा. डा. बिनु बाबा अर्याल

भगवान् श्रीपशुपतिनाथ नेपालका राष्ट्रदेव तथा विश्वका समस्त हिन्दुहरूका आराध्यदेव हुनुहुन्छ। भगवान् श्रीपशुपतिनाथ र पशुपति क्षेत्रको महिमाको वर्णन वेद, उपनिषद्, पुराण लगायतका आर्ष ग्रन्थहरूमा पाइन्छ। स्कन्दपुराणको मेरूखण्डमा भगवान् श्रीपशुपतिनाथको सृष्टि प्रारम्भ हुनुभन्दा अगाडि नै आदि ज्योतिर्लिङ्गको रूपमा प्रकट भएको वर्णन पाइन्छ। पूर्ण आनन्दस्वरूप भएकाले कुनै पनि अभिलाषा नभएको स्वयं प्रकाशस्वरूप अनन्त विश्व एउटै चैतन्यशक्तिको अभिव्यक्ति हो।

वास्तवमा जीव जगत्, प्रकृति र परमात्माको स्वरूपको वास्तविक ज्ञान नै तत्त्वज्ञान हो र यही तत्त्वज्ञान नै दुःख निवृत्तिपूर्वक सुख प्राप्ति रूप मुक्तिको साधन हो। त्यसैले सर्वेश्वर पशुपति तत्त्वको तात्त्विक ज्ञान विना सुख, शान्ति समृद्धि तथा मुक्ति असम्भव भएकाले बन्धनवाट मुक्त हुने इच्छुक सम्पूर्ण शिवोपासकहरूले पशुपतितत्त्वको तात्त्विक ज्ञान हासिल गर्नु जरूरी छ।

कल्याण तथा आनन्दका लागि नै समस्त प्राणीहरू प्रयास गर्दछन्। सबैले खोजेको आनन्द नै हो। त्यो आनन्दतत्त्व नै शिव हो। शिव नै ब्रह्म हो। शिवमा रहेको "श" कारको अर्थ "सत्" हो, इकारको अर्थ "चित्" र "व" कारको अर्थ अमृतस्वरूप आनन्द हो। यो सबैको सम्मिलित रूप नै शिव हो। त्यसैले परमानन्द अद्वैत तत्त्व नै शिव हो।

पशुपतिको शिवनाम स्वरूप लक्षण देखिन्छ। शैव तथा पाशुपत दर्शनअनुसार पशुपति/शिव नै समस्त विश्व ब्रह्माण्डको आधारभूत निर्विकार यथार्थ सत्ता हो। पशु भनेको जीव हो। अज्ञानवस् सांसारिक विषयमा बाँधिने भएकाले जीवलाई पशु भनिएको हो। अर्थात अविद्यारूपी दाम्लाले सांसारिक वन्धनमा बाँधिएको हुनाले जीवलाई पशु भनिएको हो।

शैवदर्शनमा वन्धनलाई तीन प्रकारमा विभक्त गरिएको पाइन्छ- अविद्या, कर्म र माया। प्रस्तुत तीन प्रकारका वन्धनबाट मुक्त भएर जीवले शिवतत्त्वलाई प्राप्त गर्दछ। स्थूल तथा सूक्ष्म शरीर एवम् प्राण इन्द्रिय अन्तस्करणदेखि जीव अलग तत्त्व हो, वद्धजीव इच्छा, क्रिया र ज्ञानमा सीमित छ।

प्राणी (जीव) अज्ञानी, अस्वतन्त्र छ। सुख र दुःखको भोक्ता बनेका छन्, कहिले स्वर्ग र कहिले नरकमा त्यो पुग्दछ त्यसैले जीवलाई "पशु" र तिनको मालिकलाई पति/ईश्वर भनिएको हो। त्यही तत्त्व नै ब्रह्म हो। त्यही पशुपति हो, त्यही महेश्वर हो। मोक्षावस्थामा शुद्ध शिवभावलाई प्राप्तगर्दछ।[१]

यसप्रकार शिवपुराणमा पशुपतितत्त्व को विवेचना गरिएको छ।[२] चराचर यस जगत शिव सङ्कल्पद्वारा सिर्जित भएको हो। शिव स्वयं अर्धनारीश्वर हुनुहन्छ। अर्थात शिवको आधा भाग पार्वतीको हो। सतीको पूनर्जन्म भै पार्वती भएको कुरा शास्त्रमा पाउन सकिन्छ। शिव-पार्वती परमात्माको अभेद्य रूप हो। आद्य शिवशक्तिबाट नै सृष्टिकर्ता ब्रह्मा पालक, विष्णु र संहारकर्ता शिवजीको अविर्भाव भएको हो।

एक परब्रहम नै अनेक रूपमा प्रकट हुनु भएको हो जसलाई ब्रह्मको नामले सम्बोधन गरिन्छ।

वेदव्यासद्वारा लेखिएको "लिङ्गपुराणको १६ औ अध्यायको 'ओमीशाननमस्तेस्तु देखि.... ओङ्कार मूर्ते देवेश सद्योजातनमो नमः" सम्मका ६ पङ्तिमा शिवको परात्परब्रह्मभावको चित्रण गरिएको छ। ॐकार ईशान, सर्व विद्यास्वरूप, परमेश्वर, सर्वभूत, ब्रहम र ब्रह्माण्डाधिपति जस्ता शब्दद्वारा शिवको स्तुति गर्दा शिवलाई परात्पर ब्रह्म सावित गरिएको

भेटिन्छ । यसरी नै लिङ्गपुराणको १७ औं अध्यायको २५/२६ औं श्लोकमा पनि शिवले विष्णु र ब्रह्मालाई सम्बोधन गर्दै भनेका छन्- अहमेव परं ब्रहम परं तत्वं पितामह । अहमेव परं ज्योतिः परमात्मात्वंहविभु । यद् यद दृष्टं श्रुतं सव्वं जगत् यस्मिश्चराचरम् ॥'

अर्थात् हे ब्रहमन् ! म नै परात्पर ब्रह्म हुँ, हे पितामह वेद वार्णित परम्तत्त्व पनि म नै हुँ । म नै परम् ज्योति पनि हुँ । परमात्मा र विभु पनि म नै हुँ । यस चराचरमा जे जे देखिन्छ र सुनिन्छ ती सबै म नै हुँ । यसै अध्यायको श्लोक ५४ देखि ५६ श्लोकसम्मका आठवटा श्लोकमा पनि देवादिदेव महादेव नै परात्पर ब्रह्मभएको पुष्टि गरिएको छ ।[३]

शिवतत्त्व नै सिर्जनको बेलामा ब्रह्मा, रक्षाका बेलामा विष्णु र संहारका बेलामा रूद्ररूप पुकारिनु हुन्छ । आदि र अन्त्य सधै रहने मा नै ब्रह्मको भाव गरिन्छ । भगवान् श्रीपशुपतिनाथको श्री विग्रह दुई भागमा विभक्त छ- (१) प्रतिष्ठापित पञ्चमुखी लिङ्ग र (२) लिङ्गको शिरमा निर्माण गरिने श्री यन्त्र सद्योजात, वामदेव, अघोर, तत्पुरूष र ईशान गरी पाँच मुहार सर्वविदित छन् । यी पाँचमध्ये चारदिशामा चार मुख प्रकट छन् भने माथि पाचौं शिरमा गुप्तरूपमा छन् । यी पाँचको समष्टि एक अद्वैत निर्गुण परब्रह्म परमेश्वर भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ ।

अनादि शिव लिङ्गरूपमा रहुनुभएको छ । लिङ्गमै विशेषतः शिवको पूजाआराधना हुन्छ । शक्ति पनि अनादि प्रकृति स्वरूप योनिरूपमा रहेकी हुन्छिन् । यसरी लिङ्ग योनिरूप शिवशक्तिबाट समस्त संसारको सृष्टि भएको हो । शिवको लिङ्गयोनि भाव नै अर्धनारिश्वर हो । यस आधारमा शिव जगत्का पिता हुन् भने शक्तिरूपा प्रकृति जगत्को माता हुन् । यो अनादि प्रकृतिपुरूष सम्बन्धको यिनै प्रकृति-पुरूष अथवा शिवशक्ति ॐकारमा एकीभूत भएर रहेका हुन्छन् । यसैकारणले अहं ब्रह्मास्मि जस्तो मन्त्रले शक्ति संयुक्त शिवलाई नै ब्रह्मका रूपमा प्रस्तुत गरेका हुन् ।

भगवान् श्रीपशुपतिनाथको पौराणिक, ऐतिहासिक आध्यात्मिक र सांस्कृतिक महत्त्व, तान्त्रिक एवम् वैदिकअर्चना परम्परा मन्दिर निर्माण कला, पर्वपूजा, जात्रा, परम्परा, दर्शन क्रमआदि अद्वितीय एवम् विशिष्ट पक्षहरूका कारण समस्त हिन्दुहरूका लागि श्रीपशुपतिनाथको दर्शन जीवनमा एकपटक गर्नै पर्ने विशेष तीर्थ रहि आएको छ ।

श्रावण महिना भगवान् शिवसित सम्वन्धित महिना हो । यो उनको प्रिय महिना हो । बारमा पनि सोमवार उनको प्रिय हो । तिथिहरूमा शुक्ल पक्षमा द्वितिया, पञ्चमी, षष्ठी, सप्तमी, नवमी, द्वादशी, त्रयोदशी र चतुर्दशी तथा कृष्ण पक्षमा प्रतिपदा, चौथी, पञ्चमी, षष्ठी, अष्टमी, औंसी, एकादशी, द्वादसी र त्रयोदशी मनपर्ने तिथि हुन् । त्यसैले शिवको प्रिय महिनाभएकै कारण साउन महिना भर पशुपतिनाथमा भक्तजनहरूको विशेष जमघट हुने गर्दछ । पशुपतिनाथ वाहेक अन्य शिवमन्दिरहरूमा पनि भक्तजनहरूको राम्रो उपस्थिति हुन्छ ।

भगवान् शिव प्रकृतिपरक देवता भएकोले उनको स्वरूप एउटैले सिङ्गो प्रकृतिको प्रतिनिधित्व गरेको छ । यो साउन महिना भनेको प्रकृतिलाई फल्नफुल्न वा रसाउन, टुसाउन सहयोग गर्ने समय हो । सर्वत्र हरियाली छाएको हुन्छ । त्यसैले नारी प्रकृति रूप भएकोले नारीहरू प्रकृति स्वरूप हरियो चुरा, सारी, चोलो विशेषत हरियो भएर आफूलाई सजाएर पुरुष रूपि शिवको आराधना गर्न मन पराउँछन् ।❖

-बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सामग्री

(१) उपाध्याय बलदेव, भारतीय दर्शन बाराणसी शारदा मन्दिर, २००१ पृ ६७०

(२) कल्याण शिवोपासनाङ्क, गोरखपुर, दिल्ली, गीताप्रेस : २०४९

(३) लिङ्गपुराण, कलकत्ता, अरूणोदय

भक्तहरूका साथ कीर्तनानन्द

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

शुभ संस्कार तथा ईश्वरका लागि व्याकुलता

दक्षिणेश्वर मौजादेखि केही केटाहरू आए । उनीहरूले श्रीरामकृष्णलाई प्रणाम गरे । यिनीहरू आसन ग्रहण गरी श्रीरामकृष्णसँग केही प्रश्नहरू सोध्दैछन् । दिउँसोको चार बजेको होला ।

एक केटो– महाराज, ज्ञान केलाई भन्दछन् ?

श्रीरामकृष्ण– ईश्वर सत् हुनुहुन्छ, अरू सब असत् हुन्, यही जान्नुको नाम ज्ञान हो ।

"जो सत् हुनुहुन्छ, उहाँको एक अर्को नाम ब्रह्म हो, एक दोस्रो नाम हो काल, यसैले मानिसहरू भन्ने गर्छन्– हे भाइ, कालमा कति आए कति गए । "काली ती हुन् जो कालका साथ रमण गर्छिन् । आद्याशक्ति भनेकै उनै हुन् ।

काल र काली, ब्रह्म र शक्ति अभेद छन् । "संसार अनित्य छ, उहाँ नित्य हुनुहुन्छ । संसार इन्द्रजाल हो, इन्द्रजाल देखाउने बाजीगर नै सत्य हो, उसको खेल अनित्य छ ।

केटो– संसार यदि माया हो, इन्द्रजाल हो भने यो किन दूर हुँदैन त ?

श्रीरामकृष्ण– संस्कार दोष हुनाको कारण माया हटेर जान्न । कैयौं जन्मसम्म यस मायाको संसारमा रहेको कारणले यो संसार साँचो लाग्दछ ।

"संस्कारमा कत्रो शक्ति छ, सुन । एउटा राजाको छोरो पूर्वजन्ममा धोबीका घरमा जन्मेको थियो । राजाको छोरो भएर जब खेलिरहेको थियो, उसले आफ्ना साथीहरूलाई भन्यो– 'भो अब यो खेल सबै छाडौं । म घोप्टो परेर सुत्दछु, तिमीहरू मेरो पिठ्युमा कपडा पछार्नू ।'

"यहाँ थुप्रै केटाहरू आउँछन् तर कोहीकोहीमात्र ईश्वरका लागि व्याकुल छन् । उनीहरू अवश्य नै संस्कार लिएर आएका हुन् । "ती केटाहरू सब विवाह गर्ने भन्दैमा रून थाल्छन् । स्वयं विवाहका कुरा त सोच्दैनन् । निरंजन केटाकेटी बेलैदेखि भन्दैआएको छ, म विवाह गर्दिनँ ।

"धेरै दिन भयो (बीस बर्षभन्दा बढी) यहाँ वराहनगरका दुईजना केटाहरू आउने गर्थे । एउटाको नाम थियो गोविन्दपाल, अर्कोको गोपालसेन । केटाकेटी बेलादेखि नै तिनीहरूको मन ईश्वरप्रति थियो । विवाहका कुरा हुँदा डराएर खुम्चेर बस्थे ।

गोपाललाई भाव समाधि लाग्दथ्यो । विषयी मानिसहरूलाई देखेर ऊ लुकेर बस्थ्यो, जसरी बिरालो देखेर मुसो लुक्दछ । ठाकुर परिवारका केटाहरू त्यस बगैंचामा घुम्न भनेर आएका थिए । उसले आफ्नो कोठाको ढोका बन्द गऱ्यो, कतै उनीहरूसँग कुराकानी गर्न नपरोस् भनेर ।

पञ्चवटीको तल गोपाललाई भावावेश भएको थियो । त्यसै अवस्थामा मेरो पाउमाथि हात राखेर उसले भन्यो, अब मलाई जान दिनुहोस् । अब यस संसारमा म बस्न सक्दिनँ– तपाईंलाई अझ धेरै ढिलो छ– मलाई जान दिनुहोस् । मलाई पनि भावावस्था भएको थियो, त्यसै बेला भने तिमीले फेरि आउनु पर्नेछ । उसले भन्यो, हुन्छ, फेरि आउँछु ।

"केही दिनपछि गोविन्दले आएर भेट्यो । मैले सोधेँ– गोपाल कहाँ छ ? उसले भन्यो, गोपाल त गयो (उसको निधन भयो) । "अरू केटाहरूलाई हेर त, कुन चिन्तामा घुमिरहेका छन् । कसरी धन होला, गाडी होला, घर होला,

वस्त्र होला, पछि विवाह होला यसैका फन्कोमा घुमिरहेछन् । विवाह गर्नुछ त कस्ती केटी छे, पहिले यसैको खोजतलास गर्छन् । राम्री छ कि छैन जाँच गर्नका लागि स्वयं जान्छन् ।

"एक जना मानिस मेरो निकै निन्दा गर्दछ । खाली यही भन्दै गर्छ– यिनी केटाहरूलाई माया गर्छन् । जसको संस्कार राम्रो छ, जो शुद्धात्मा छन्, ईश्वरका लागि जो व्याकुल हुन्छन्, रूपैयाँ, शरीरसुख यी सबै कुराप्रति जसको मन जाँदैन, म तिनैलाई माया गर्छु, प्रेम गर्छु ।

"जसले विवाह गरेका छन्, यदि उनको ईश्वरप्रति भक्ति छ भने उनीहरू संसारमा लिप्त हुने छैनन् । हीरानन्दले विवाह गरेको छ त के भयो ? ऊ संसारमा धेरै लिप्त हुँदैन ।

हीरानन्द सिन्धमा घर भएका बी.ए. पास गरेका एक ब्राह्मसमाजी हुन् । मणिलाल, शिवपुरका ब्राह्मभक्त मारवाडी भक्तहरू श्रीरामकृष्णलाई प्रणाम गरी बिदा भए ।

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मोवायलः ९८०३४७३०३७

तपाई पनि गौसेवामा सहभागी बन्न सक्नुहुन्छ

- स्वयंसेवा गरेर
- नन्दी एवम् गाइबाच्छाहरूलाई हरिया सागपात, घाँस, दाना आदिको व्यवस्था गरेर ।
- गाईबाच्छाहरूको लागि दाना, छाना (वासस्थान) को निम्ति यथासक्य आर्थिक सहयोग गरेर ।
- विरामी र घाइते गाइगोरु र बाच्छाबाच्छीहरूलाई आवश्यक औषधोपचारको व्यवस्था मिलाएर ।

मठमन्दिर गाईबाच्छा बचाउ तथा समाज विकास अभियान

बनकाली फूल पसल लाइन, पशुपति काठमाडौं, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

श्रावण सोमबार व्रतको महिमा

– पं. बालमुकुन्द देबकोटा

सोमबारे व्रतम् कार्यम् श्रावणे वै यथाविधिः अर्थात् श्रावणको सोमबार प्रातःविधिपूर्वक स्नान गरी शुद्ध वस्त्र धारणा गरी अनुकुल मिल्ने शिवमन्दिरमा पुगी पुण्य नदीहरूबाट ल्याएको शुद्ध जल चढाई उपलब्ध भएसम्मका उपचार विधिअनुसार शिवको पूजा गर्नु । जलाधार प्रिय शिव अर्थात् शिवजीलाई जलधारा प्यारो लाग्दछ ।

सोमबारको व्रत श्रावण, चैत, वैशाख, कात्तिक वा मंसिर महिनाको शुक्लपक्षको पहिलो सोमबारबाट प्रारम्भ गर्नुपर्दछ । यो व्रत पाँच वर्ष, चौध वर्ष अथवा सोह्र वर्षसम्म श्रद्धा र भक्तिका साथ विधिपूर्वक गर्नु पर्दछ । चैत्र शुक्ल अष्टमी तिथि, आर्द्रा नक्षत्र, सोमबार वा श्रावण महिनाको पहिलो सोमबारबाट व्रत शुरू गरेमा एकदमै ठूलो फल प्राप्त हुन्छ ।

व्रत आरम्भ गर्दा बिहान सबेरै उठेर पानीमा कालो तिल मिसाई नुहाउनु पर्दछ । त्यसपछि सेतो वस्त्र लगाएर सेतो फूल, सेतो चन्दन, पञ्चामृत, अक्षता, सुपारी, बेलपत्र आदिले 'ॐ नमः शिवाय' लगायत शिवको मन्त्र वा प्रार्थनाद्वारा शिव-पार्वतीको पूजा गर्नु पर्दछ । पूजा गरिसकेपछि ब्राह्मणलाई दान, दक्षिणासहित भोजन गराइसकेपछि मात्रै आफूले भोजन गर्नुपर्दछ । सोमबारको व्रत भरिसक्य निर्जल, निराहार अथवा एक छाक अलिनो खान्की ग्रहण गरी सम्पादन गर्ने शास्त्रीय मान्यता छ । व्रतको समापन पनि माथि उल्लेखित महिनामा परे उत्तम मानिन्छ ।

सोमबारको व्रत बस्नेलाई 'अपुत्रो लभते पुत्रन्निर्धनो धनवान् भवेत्, अविद्यो लभते विद्यामिति धर्मविदो विदुः' प्राप्त हुन्छ । अर्थात् छोरा नहुनेलाई छोरा प्राप्त हुने, धन नभएकाहरूलाई धन प्राप्त हुने, अनपढलाई विद्या प्राप्त हुने हुन्छ । यो नै धर्मको निर्णय हो । त्यसैले सोमबारको व्रत अवस्य बस्नु पर्दछ । व्रतमा शिव महिमा गाउनु, कथा प्रवचन सुन्नु, सात्विक व्यवहार गर्नु, बेलुकी मात्र शुद्ध भोजन गर्नु उत्तम हुन्छ । वैदिक सनातन धर्मावलम्वीहरूले नित्य कर्मकै रूपमा श्रावणी सोमबारको व्रत गर्नुपर्दछ । देवी पार्वतीले साउन महिनाभरि निराहार रहेर कठोर व्रत बसेको हुनाले सोमबारको व्रतको महत्त्व छ ।

श्रावण १ गते सूर्य कर्कट राशिमा प्रवेश गरी दक्षिणायन प्रारम्भ हुन्छ । चन्द्रमानअनुसार आषाढ शुक्ल एकादशीदेखि चतुर्मास व्रत आरम्भ हुनेहुँदा श्रावण महिनाको महत्त्व आध्यात्मिक दृष्टिले पनि उत्तम कोटीमा रहेको पाइन्छ । चन्द्रमानअनुसार श्रावण कृष्ण प्रतिपदादेखि श्रावणशुक्ल पूर्णिमासम्म, सूर्यमानअनुसार श्रावण १ गतेदेखि मसान्तसम्म श्रावणी उत्सवको महिमा रहेको छ । महिलाहरू साउने सङ्क्रान्तिका दिनदेखि नै एक महिना सौभाग्यको प्रतीक हरियो चुरा र मेहन्दी लगाउनुका साथै शिवलाई प्रसन्न पार्न सोमबारे व्रत बस्छन् ।

समुद्र मथन गर्दा उत्पन्न भएका चन्द्रमा शिवको माथमा(शिरमा) बसेका थिए । त्यसकारण शिवलाई सोमनाथ अर्थात् चन्द्रमाका मालिक भनिन्छ । चन्द्रमा शिवको शिरमा बसेका हुनाले सोमबार शिवको पूजा-अर्चना अरू दिन भन्दा विशेष रूपले गरिन्छ । यस श्रावण महिनालाई कर्कट महिना भनिन्छ । कर्कट राशिको ग्रह स्वामी चन्द्रमा हुन् । यिनले शिवको शिरमा निवास गरेको हुनाले पनि श्रावण महिनाभरी सोमबारमा शिवजीको पूजा-अर्चना र उनलाई जलाधार गरिन्छ ।

एकजना असाध्यै धनवान व्यापारी थियो । उसको घरमा धन आदिको कुनै कमी थिएन । तर उसलाई सन्तानसुख भने प्राप्त थिएन । ऊ पुत्रको कामना गर्दै प्रति सोमवारका दिन शिवजीको व्रत र पूजन गर्ने गर्दथ्यो र सायंकालमा शिव मन्दिरमा गएर शिवजीको श्री विग्रहअगाडि दियो बाल्ने गर्थ्यो । उसको यस भक्तिभावलाई विचार गरेर एकपटक श्री पार्वतीमाताले शिवजीसँग भन्नुभयो- हे स्वामी ! यो वैश्य हजुरको अनन्य भक्त हो । असाध्यै श्रद्धापूर्वक हजुरको व्रत र पूजन गर्दछ । यसको मनोकामना त पूर्ण गर्नुपर्दछ ।

पार्वतीका कुरा सुनेर शिवजीले भन्नुभयो- हे पार्वती ! यो संसार कर्मक्षेत्र हो । जसरी किसान खेतमा जस्तो बीउ छर्दछ त्यस्तै फल प्राप्त गर्दछ । त्यसरी नै यस संसारमा प्राणीले जस्तो कर्म गरेको हुन्छ त्यस्तै फल भोग्न पाउँछ ।

पार्वतीले अत्यन्त आग्रहपूर्वक भन्नुभयो- महाराज ! जब ऊ हजुरको अनन्य भक्त छ र उसलाई कुनै किसिमको दुःख छ भने त्यो दुःखलाई अवश्य निवारण गर्नु पर्छ किनकि हजुर सदैव आफ्ना भक्तप्रति दयालु हुने गर्नुहुन्छ र तिनका समस्त दुःखकष्ट निवारण गर्नुहुन्छ । यदि हजुरले भक्तलाई राहत प्रदान गर्नु भएन भने मनुष्यले हजुरको सेवा तथा व्रत किन पो लिनु र ? पार्वतीको यस्तो आग्रह सुनेर भगवान

भोलेनाथले पुनः भन्न थाल्नुभयो– हे पार्वती ! यसका कुनै सन्तति छैनन् । त्यसैले यो चिन्ताग्रस्त भई दुःखी जीवन व्यतीत गर्दछ । यसको भाग्यमा सन्तान छैनन् तथापि म तिम्रो आग्रहका कारण यसलाई पुत्रप्राप्तिको वरदान प्रदान गर्दछु । तर उक्त पुत्र बाह्रवर्षसम्म मात्र जीवित रहने छ । यसबाहेक यो भक्तका लागि म अरू केही पनि गर्न सक्दिन ।

यी सबै कुरा वैश्यले समेत सुनिरहेको थियो । यसबाट उसलाई न प्रसन्नता भयो न केही दुःख नै । ऊ पहिले जसरी नै शिवजीको व्रत र पूजन गर्दै रह्यो । केही समय व्यतीत भएपछि साहुकी स्त्री गर्भवती भई र दस महिनापछि उसको गर्भबाट एउटा अति सुन्दर पुत्रको जन्म भयो । साहुका घरमा ठूलो उत्सव मनाइयो । तर, साहुले नवजात शिशुको बाह्रवर्षको मात्र आयु छ भन्ने थाहा पाएर धेरै प्रसन्नता व्यक्त गरेन र कसैलाई यस रहस्यको भेद पनि बताएन । जब त्यो बालक ११ वर्षको भयो, बालककी आमा त्यसको व्रतबन्ध, विवाह आदि संस्कार सम्पन्न गर्ने कुरा गर्न थालिन तर साहु यस कुरामा सहमत भएन । बरू उसले पुत्रलाई अध्ययन गर्न काशी पठाउने निधो गऱ्यो । व्यापारीले आफ्नो सालो अर्थात् बालकको मामालाई प्रशस्त धन उपलब्ध गराई बाटोमा जुन स्थानमा पुगे पनि यज्ञ गर्दै र ब्राहमण-भोजन गराउँदै बालकलाई काशी लिएर जान आदेश गऱ्यो ।

ती दुबै मामा-भान्जा यज्ञ सम्पन्न गर्दै र ब्राहमण-भोजन गराउँदै जाँदै थिए । बाटोमा तिनले एउटा सहर भेटे । त्यस शहरकी राजाकी छोरीको विवाह हुँदै थियो । अन्य देशको राजाको छोरो जो विवाह गर्न जन्ती लिएर आएको थियो त्यो विचरा कानो थियो । दुलाहाका पितालाई कतै कन्यापक्षले दुलाहालाई देखेर विवाहमा अवरोध सिर्जना गर्ने त होइनन् भन्ने चिन्ता थियो । बाटोमा बेहुलाको बावुले अति सुन्दर साहुपुत्रलाई देखेर मनैमन विचार गऱ्यो, स्वागतद्वारमा यहि बच्चोलाई बेहुला बनाएर राख्नु पर्ला ! यस्तो सोचेर वरका पिताले त्यो केटो र उसका मामासँग कुरा गर्दा ती पनि यस कुरामा सहमत भए । अनि त्यस वैश्यपुत्रलाई बेहुलाका पहिरन लगाएर घोडामा चढाएर स्वागतद्वारमा लिएर गए । सबै कार्य प्रसन्नतापूर्वक पूर्ण भयो । त्यसपछि वरका पिता पुनः विचार गर्न थाल्यो, यदि विवाहका अन्यान्य कार्य पनि यसै केटाको सहयोग लिई गर्दा के बेफाइदा होला र ?

बेहुलाको पिताले वैश्यपुत्र र उसका मामासँग भन्यो– यदि तपाईंले यज्ञमण्डपमा बेहुलाको सट्टामा यिनै बालकको सहयोगमा यज्ञ, गोडधुवा, कन्यादान आदि विवाहका शेषकृत्य सम्पन्न गराउनु भए ठूलो कृपा हुनेथियो । म यसको प्रत्युपकारमा हजुरलाई प्रशस्त धन प्रदान गर्नेछु । ती दुबै मामाभान्जाले राजाको प्रस्ताव स्वीकार गरे र विवाहको शेष कार्य पनि साह्रै राम्ररी सम्पन्न भयो । तर विदा हुने बेलामा त्यस व्यापारीपुत्रले राजकुमारीको खास्टोको छेउमा लेख्यो– तेरो विवाह त छलपूर्वक म वैश्यपुत्रसँग भएको छ । जुन राजकुमारसित तँलाई विदाई गरी पठाउने छन् त्यो केटो त कानो छ । म अध्ययन गर्ने उद्देश्यले काशी पढ्न जाँदैछु । यति लेखेर केटो त्यहाँबाट हिँड्यो ।

केटो गएपछि राजकुमारीले आफ्नो खास्टोमा लेखेको देखी र उसले राजकुमारसँग जान अस्वीकार गरी । बेहुलीले भनी– यो राजकुमार मेरो पति होइन, मेरो विवाह योसँग भएको होइन । मेरा पति त अध्ययन गर्न काशी गएका छन् । राजकुमारीका माता-पिताले यथार्थ कुरो पत्ता लगाए र आफ्नी छोरीको विदाइ गरेनन् अनि जन्ती बेहुली विना नै फिर्ता गयो । उता सेठको छोरो र उसको मामा काशी पुगे । त्यहाँ पनि तिनले यज्ञ गर्ने सिलसिला जारी राखे साथै केटोले अध्ययन प्रारम्भ गऱ्यो । जब केटोको आयु बाह्र वर्षको भयो त्यो दिन पनि यज्ञको योजना हुँदै थियो तर केटो अचानक बिरामी भयो र उसले मामासँग भन्यो– मामा आज मेरो स्वास्थ्य ठीक छैन । मामाले भित्र गई आराम गर्न भने । केटो भित्र पसेर सुत्यो र केही समयपछि उसका प्राणपखेरू उडे ।

मृत भान्जो देखेर मामालाई असाध्यै पीडा भयो अनि सोच्न थाल्यो यदि मैले शोकका कारण रून कराउन थालें भने यज्ञको सम्पादनमा विघ्न आउने छ । अतः उसले शीघ्रताका साथ यज्ञ सम्पन्न गरी ब्राहमण विदा गऱ्यो । यज्ञ सकिएपछि मामा रूनकराउन र छट्पटाउन थाल्यो । संयोगवश त्यसै समयमा शिव-पार्वती पनि त्यही बाटो भएर कतै जाँदै हुनुहुन्थ्यो । माता पार्वती र भगवान् भोलेले कोही मानिस ठूलोठूलो स्वरमा रोएको सुनेर पार्वतीमाताले भगवान्लाई भन्नुभयो– हे स्वामित् ! कुनै दुखिया रोइरहेको छ यसको कष्ट निवारण गर्नुहवस् ।

शिव-पार्वती नजिकै गएर हेर्दा मृत अवस्थामा पुगेको त्यही वैश्यपुत्रलाई देख्नुभयो । माता पार्वतीले पुनः भन्नुभयो- स्वामी ! यो त त्यसै सेठको छोरो हो, जो हजुरको वरदानस्वरूप जन्मिएको थियो । शिवजीले आज्ञा गर्नुभयो- पार्वती ! यसको आयु यत्ति नै थियो जुन यसले भोग गरिसक्यो । अनि पुनः पार्वतीले भन्नुभयो- हे मालिक ! यस बच्चालाई अझ आयु प्रदान गर्नुहवस नत्र यसका माता-पिता तडपी-तडपी मृत्युवश हुनेछन । पार्वतीले बारम्बार आग्रह गर्दा शिवजीले त्यसलाई जीवन प्रदान गर्नुभयो र शिवजीको कृपाले केटो जीवित हुन पुग्यो । शिव-पार्वती आफ्नो धाम कैलाश जानुभयो । त्यसपछि त्यो केटो र मामा पहिले जसरी नै यज्ञ गर्दै र ब्राहमण-भोजन गराउँदै आफ्नो घरतिर लागे ।

बाटोमा त्यही शहर आयो जहाँ केटाको विवाह भएको थियो । त्यहाँ आएर तिनले यज्ञ आरम्भ गरे, राजाले त्यस वैश्यपुत्रलाई चिने र महलमा लगेर ती दुबैको स्वागतसम्मान गरे । साथै आफ्नी छोरी पनि साथै लगाएर धेरै दास-दासीसहित विधिपूर्वक छोरी र ज्वाइँलाई विदा गऱ्यो । आफ्नो शहरका नजिकमा पुगेपछि मामा घरमा खबर गर्न बेहुलाबेहुलीभन्दा पहिले नै घरतर्फ गयो । उता बाह्रवर्ष बितेपछि त्यस केटाका माता-पिता घरको छानामा बसेर यदि हाम्रो पुत्र सकुशल फर्कियो भने राजी-खुशीसाथ छानाबाट तल झर्ने नत्र छतबाट फाल हालेर प्राण त्याग्ने भनी प्रतिज्ञाबद्ध भई छोराको बाटो कुरेर बसेका थिए । त्यत्तिकैमा त्यहाँ आई पुगेको केटाको मामाले भान्जा दुलहीसहि घर आएको सबै कुरा सुनायो । यति सुनेर सेठदम्पति आनन्दपूर्वक तल झरे र छोराबुहारीको विधिवत स्वागत गरे । त्यसपछि उनीहरू बडो प्रसन्नताका साथमा जीवनयापन गर्न थाले । जसले सोमवारको व्रत विधिपूर्वक लिने गर्दछ, त्यसका सम्पूर्ण मनोकांक्षा पूर्ण हुनेछन् अथवा सोमबारका दिन यस कथालाई पढ्नाले वा सुन्नाले मात्र पनि उसका समस्त मनोकामना पूर्ण हुन्छन् ।

यस वर्ष असार २५ गते सोमबार अष्टमी तिथि राति ११:२१ बजेसम्म त्यस उप्रान्त नवमी तिथि आरम्भ हुनाले यसै दिनबाट व्रत बसेर भदौ ११ गते सोमबार समापन (उद्यापन) गर्नु पर्दछ ।❖ -मुलपानी, काठमाडौं

साउन महिनाका पर्व तथा विदा

१ कर्कट सङ्क्रान्ति/लुतो फाल्ने दिन/सोमबारे औंसी
२ मलमास शुरू/मत्स्यनारायण मेला शुरू
१० बुधाष्टमी व्रत
१२ विश्व हेपाटाइटिस दिवस
१३ पद्मिनी एकादशी व्रत
१४ प्रदोष व्रत/अन्तराष्ट्रिय मानव बेचबिखन विरूद्ध दिवस
१५ खीर खाने दिन
१६ पूर्णिमा व्रत/विश्व स्तनपान सप्ताह प्रारम्भ
१८ शुक्रअस्त
२१ अन्तर्राष्ट्रिय मित्रता दिवस
२३ विश्व भू-संरक्षण दिवस
२४ अन्तर्राष्ट्रिय आदिवासी दिवस
२७ परमा एकादशी व्रत/अन्तर्राष्ट्रिय युवा दिवस
२८ प्रदोष व्रत
३१ मलमास समाप्ति/मत्स्यनारायण मेला समाप्ति
३२ गुंलापर्व आरम्भ

हाम्रो सम्पदा हामीले संरक्षण नगरे कस्ले गर्ने ? पशुपति मन्दिर लगायत पावन पाशुपत क्षेत्रलाई सफा र स्वच्छ राख्न सहयोग गरौं ।

पशुपति क्षेत्रमा रहेका विभिन्न नौं अखडामध्ये राजराजेश्वरी उदासिन अखडा पनि एक हो। यो अखडा गुठी संस्थान अन्तरगतको महन्थ परम्परामा चलिरहेको छ। हाल यस अखडाका महन्थका रूपमा गकुलानन्द स्वामी रहनुभएको छ। उहाँ महन्थ भइसकेपछि यस अखडा परिसरको मुहार नै फेरिएको आभास भएको छ। जीर्ण मन्दिर पुनर्निर्माण भएको छ भने सत्तल र पाटीसमेत पुनर्निमाण गरिएको छ। परिसरमा ढुङ्गा छाप्ने र नयाँ इनारको निर्माण गरिएकोले अखडामा नियमित पानीको आपूर्तिमा सहजता मिलेको छ।

उहाँ खरो स्वभावका तथा स्पष्टवक्ता सन्तको रूपमा यस क्षेत्रमा परिचित हुनुहन्छ। गौरीको यस अंकमा गुरू नानकदेवको काठमाडौं आगमन र यहाँका नानक मठहरूको संक्षिप्त जानकारी सहित यस सम्प्रदायको मूल मार्गको विषयमा महन्थ गोकुलानन्दसँग सम्पादक अर्जुन लामिछानेले गर्नुभएको कुराकानीको सारसंक्षेप प्रस्तुत गरिएको छ।

गकुलानन्द स्वामी

शिखहरुले शरीरधारीलाई होइन शास्त्रलाई गुरु मान्छन्

कति भयो यहाँले महन्थको कार्यभार सम्हाल्दै आउनुभएको ?

मभन्दा अगाडि रायमाझी थरका व्यक्ति महन्थ हुनुहुन्थ्यो। उहाँ २० वर्ष बस्नुभयो। उहाँ गएपछि मलाई यहाँ गुठी संस्थाले महन्थको रूपमा नियुक्त गरेको हो। म दुई कार्यकाल पूरा गरी तेश्रो कार्यकालमा सेवा गरिरहेको छु। महन्थको रूपमा मैले यहाँ करिव १२ वर्ष भन्दा बढी समय व्यतित गरिसकेको छु। उदासिन महन्थको परम्परामा म पन्ध्रौं महन्थको रूपमा रहेको छु।

काठमाडौंमा नानक अखडा बन्नुको रहस्य के होला ?

लगभग ५०० वर्ष अगाडि राजा जयजगत मल्लले शासन गरेका समयमा नेपालमा अनावृष्टि भएको र भौगोलिक अफ्ठ्यारोले गर्दा धेरै कठिनाई भोग्नुपरेको बुझिन्छ। त्यो समयमा महामारी या अनिकालको स्थिति सिर्जना भएको रहेछ। राजाले आफ्नो तर्फबाट सक्ने सबै उपाय अवलम्वन गरेपछि पनि समस्या समाधान नभएपछि राजालाई 'गुरू नानकदेव विष्णुको अवतार हुनुहुन्छ, हाल उहाँ वनारसमा हुनुहुन्छ। राजन ! उहाँलाई एकपटक यहाँ पदार्पण गराउनुहोस् भनी' कसैले सल्लाह दिएछ। उनैका सल्लाह मुताविक राजाले बजिरको टीम(आफ्ना मन्त्रीहरूको समूह) पठाउनु भएछ। त्यहाँ पुगेर गुरू नानकदेवलाई बिन्ती गरिसकेपछि उहाँले राजाको निमन्त्रणालाई स्वीकार गरेर तिनै बजिरको टीमसँग नेपालमा पदार्पण गर्नुभएछ।

नेपालमा आएपछि वालाजु विष्णुमती; जुन अहिले उदासिन गुरू नानक मठको नामले प्रसिद्ध छ, त्यहाँ विष्णुहरि उदासिन नाम गरेका एक जना साधु बस्नुहुँदो रहेछ, गुरू नानकदेव त्यहीं केही समय बस्नुभएछ। पछि, झण्डै ७० रोपनी जग्गा गुरू नानक संगतको नाममा उहाँले त्यहाँ लालमोहर गरेको कुरा पनि कहीं न कहीं रेकर्डमा छ। त्यस समयमा गुरू नानक ११ महिना ११ दिन नेपालको धर्तीमा बस्नुभयो भन्ने इतिहास छ। यहीं बसेर राजाको विशेष सहयोगमा तिब्बतका मानसरोवर आदि हिमाली तीर्थस्थलहरूको पनि दर्शन गर्नुभयो। उक्त समयमा गुरू नानकदेव पशुपति पनि आउनु भएको रहेछ।

उहाँ यहाँ आउँदा विश्राम गर्नुभएको यो स्थानमा एउटा कुवा खन्न लगाउनु भएको रहेछ। अनि दक्षिण ढोकाको अगाडि पनि उहाँ जहाँ विश्राम गर्नुभएको थियो, त्यहाँ पनि गुरू नानक मठ रहेको छ। अन्य स्थानको कुरा गर्नुपर्दा बालाजु, शोभाभगवती, थापाथली र ज्ञानेश्वरमा पनि गुरू नानक मठ रहेका छन्। ज्ञानेश्वरमा ज्ञानधारा प्रकट गरेर उक्त जल पिलाएर धेरै व्यक्तिहरूको रोग निवारण गर्नुभएको जनश्रुति छ। गुरू नानक साहेव नेपालमा पदार्पण गरिसकेपछि यहाँ वर्षा भएको र उक्त

समयको संकट निवारण भएको भन्ने भनाइ छ ।

जब महाराजा रञ्जित सिंहको लडाइमा निधन भयो, उहाँकी कान्छी महारानी जिन्कोर नेपाल आएर महाराजा जङ्गबहादुरको शरण माग्नुभएको र जंगवहादुरको निगाहमा थापाथलीमा लामो समय बस्नुभयो । महारानी नेपालमा बस्ने क्रममा उहाँले गुरू नानक साहेव नेपाल आउँदा कुन कुन स्थानमा बस्नुभएको थियो त्यो सबै इतिहास पत्ता लगाउनुभयो । उनै जंगबहादुर राणाबाट अनुमति लिएर श्रीराजराजेश्वरी निर्मल अखडा, पशुपतिनाथको दक्षिण ढोका अगाडि गुरू नानक मठ, थापाथलीमा उदासिन मठ, बालाजुमा नानक मठ, शोभा भगवतीमा नानक मठ र ज्ञानेश्वरमा ज्ञानेश्वर गुरू नानक मठ नामाकरण गरेर अत्यन्त दुर्लभ जो अहिले सिख इतिहासकै दुर्लव हस्तलिखित ग्रन्थ ती सबै स्थानमा महारानी जिन्कोरले राख्नुभएको हो । तिनै ६ वटा मध्ये एउटा दुर्लव गुरूग्रन्थ साहेप हाम्रो यहाँ पनि छ । म महन्थ भएपछि या महन्थ हुनुपूर्व यसको जो इतिहास बुझेको छु त्यसको इतिहासको सम्वन्धमा कहीँ अंकित होला या नहोला त्यो आफ्नो ठाउँमा छ तर सत्य यही नै हो ।

शिख समुदायले "गुरू ग्रन्थ साहेप"लाई धेरै महत्त्व दिएको पाइन्छ । यसमा के छ ?

भक्तिकालीन जति पनि महापुरूषहरू हुनुभयो, फरिद, कविर, रैदास आदि, ती सबै महापुरूषहरूका दिव्य बाणीहरू सहित वेद, उपनिषद् लगायतका तमाम पौराणिक ग्रन्थहरूका गहनतम कुराहरूलाई उहाँले अत्यन्त सहज रूपमा पञ्जावी लिपि(लयिवार लिपि, हाम्रो निम्ति अलि कठिन लिपी पनि हो)मा लिपिवद्ध गर्नुभएको छ ।

'एक ओंकार सत्नाम भव पुरूष....' यस प्रकारको लयी हुन्छ । यस सम्प्रदायको दैनिकी भन्नुपर्दा विहानको नित्य कर्मपछि आरति पूजा भन्दा पनि एउटा व्यक्तिलाई जस्तो यही ग्रन्थलाई वेलुकी सुताउने, विहान उठाउने, प्रकाश गर्ने, ग्रन्थ पल्टाउँदा जहाँ पल्टियो, त्यसको पहिलो वाक्यमा जे लेखिएको हुन्छ, आजको गुरूको हुकुम यही हो भनी पूरा विश्वकै सिख जगतमा सोही बाणीलाई सर्कुलेट गरिन्छ । पञ्जावको गोल्डेन टेम्पलमा एसी जडित कोठामा चन्दनको पलङ निर्माण गरी गुरू ग्रन्थ साहेप राखिएको छ । त्यहाँका मुख्य जथ्थेदार(मूलपुजारी)ले विहानको सबै निर्धारित कर्म सकेर ग्रन्थ ढोगेर पल्टाएपछि देखिने मूल वाक्यलाई नै सिख जगतमा सर्कुलेट हुने हो ।

शिखहरूले शरीरधारीलाई गुरू मान्दैनन् । ग्रन्थलाई नै गुरू मान्दछन् । गुरू गोविन्द सिंह दशौं गुरू हुनुहुन्छ । उहाँले विभिन्न गुरू र उहाँहरूका चेला थपिंदै जाँदा गुरूका चेलाहरू बीचमा नै लडाईं हुनसक्ने आंकलन गरी ग्रन्थलाई नै गुरू हुने घोषणा गर्नुभयो । उहाँले पाँच जनालाई अमृत छकाउनु भयो, अमृत छकाउनुको मतलव वतासालाई एउटा विशेष पात्रमा राखेर घोटेर गुरू वाणीका विभिन्न मन्त्र जपेर त्यो अभिमन्त्रित जल पिलाइन्छ, यसैलाई अमृत छकेको भनिन्छ । अमृत छकेपछि त्यस्ता शिखले पञ्केशमा छुरा लगाउन समेत मिल्दैन ।

शिख सम्प्रदाय र उदासिन सम्प्रदाय एउटै होइन र ?

गुरू नानकका कान्छा छोरा श्रीचन्द्र हुनुहुन्थ्यो । उहाँले आफू पञ्चोपचारः गणेश, विष्णु, शिव, सूर्य र देवीको पाञ्चायन पूजालाई मान्छु, शिख धर्मलाई मान्दिन, वैदिक परम्परालाई मान्छु भनेर प्रवर्द्धन गरेको उदासिन सम्प्रदाय हो । पंजावको सबै उदासिन सम्प्रदायमा गुरू ग्रन्थसाहेपको पाठ गर्ने लगायतका सबै शिखकै परम्परा थियो, पछि सन् १९८४ तिर केही झन्झट भैसकेपछि तमाम उदासिन सम्प्रदायका साधुहरूले आफ्ना आश्रमहरूबाट गुरू ग्रन्थसाहेप हटाएर गद्दीमा कसैले रामायण, कसैले वेद त कसैले गीता राख्न थालेका हुन् । किनभने शिखहरूले एउटा नियम पास गरेका थिए, जहाँ कृपाणको चिह्न भएको झण्डा राखिएको निशान छाप लगाइन्छ, त्यसरी लागिसकेपछि त्यहाँ गुरूद्वारा एक लागु हुने भयो । त्यस्ता गुरूद्वाराहरूको सम्पत्ति गोल्डेन टेम्पल अन्तरगत आउने व्यवस्था गरियो । त्यसपछि पञ्जावकै धेरै आश्रमहरूले निशान छाप हटाएर पञ्जा र हनुमानको झण्डा लगाउन थाले जसरी हामीले यहाँ लगाएका छौं ।

पशुपतिको यो अखडा र भगवान् पशुपतिनाथ बीच के सम्वन्ध रहेछ ?

जब नानक साहेप आफ्नो नेपाल यात्राको क्रममा पशुपति आएर यसै स्थानमा बस्नुभएको थियो, उक्त

समयमा उहाँको शिरमा फूलको वर्षा भएछ, त्यसपछि उहाँले यहाँबाट भगवान् श्रीपशुपतिनाथलाई शिरको हार जानुपर्दछ भन्नुभएछ । त्यही समयदेखि चलेको यो चलन अनुरूप भगवान् श्रीपशुपतिनाथमा मूल श्रीयन्त्रको हार, पशुपतिनाथको शिरको माला यहाँबाट जाने परम्परा अहिलेसम्म पनि कायम छ ।

पुरानो इतिहास खोज्ने हो भने प्रताप मल्ल भन्दा पनि अगाडि वीर मल्लको पालादेखि यहाँबाट श्री पशुपतिनाथमा फूलमाला चढाउने प्रचलन निरन्तर रूपमा चलेको भनाइ छ । पशुपतिमा यस अखडाको नाममा हाल बनेको किरियापुत्री भवन रहेको स्थानतर्फबाट कुल १० रोपनी जग्गा थियो । त्यो जग्गामा सबै फूल लगाइने गरिएको थियो । त्यो जग्गाबाट प्रसस्त मात्रामा फूल उत्पादन हुने भएकोले हामीले गर्ने नियमित सेवा बाहेक कतिपय भक्तजनहरूले समेत त्यही फूल लाने समेत गर्नुहुन्थ्यो । हिजो आज यहाँ उत्पादन भएको फूलले मात्र नपुग्ने भएपछि बाहिरबाट फूल मगाएर समेत फूलमाला पुऱ्याउनुपर्ने बाध्यता समेत छ ।

अखडाको नियमित आम्दानी र खर्चको विषयमा पनि केही बताइदिनुस् न ?

गुठीले महन्थको निम्ति महिनाको ८०० रूपैयाँ खान्जी दिने गर्दछ । यस्तै यहाँ रहनुहुने बाबालाई ६०० रूपैयाँको हण्डी दिने गरेको छ । यहाँको नियमित आम्दानी भनेको यही हो । गुठीको महिनाभरिको रकमले त हाम्रो यहाँको एक दिनको खर्च पनि चल्न सक्दैन ।

मौसम अनुसार नयाँ विरूवा लगाउने, गोडमेल गर्ने, मलखाद, दवाई आदिको व्यवस्था गर्नुपर्ने हुन्छ । महिनामा २० देखि ३० हजारको खर्च नगरी यहाँको बगैचाको रेखदेख हुन सक्दैन । यहाँ रहने साधुहरूको खानपानको खर्च त अलग कुरा । भक्तजनको सद्भाव एवम् शिवइच्छाले यी सबै काम चलिरहेको छ । हामीले यहाँको बसाइलाई लाभ र हानिको हिसावले हेरेका छैनौं । भगवान् श्रीपशुपतिनाथको सान्निध्यमा निवास गरी सेवा गर्ने अवसर पाइएको छ, यसैलाई शौभाग्य सम्झेर बसेका छौं ।

यहाँको महन्थ बन्न के योग्यता चाहिन्छ र महन्थको कर्तव्य के हो ?

गुठी संस्थानले एउटा नियम बनाएको रहेछ जस अनुसार यहाँको महन्थ बन्नको निम्ति नेपाली नागरिक हुनु पर्ने, कमसेकम शास्त्री उतीर्ण भएको हुनुपर्ने, उदासिन सम्प्रदायको पद्दति बुझेको हुनुपर्ने लगायतका योग्यता निर्धारण गरिएको छ, सोही योग्यता पुगेको इच्छुक व्यक्तिलाई संस्थानले महन्थ तोक्ने परम्परा रहेको छ । राजराजेश्वरी मठमा रहेका प्राचीन वस्तुहरू र पुरातात्विक सम्पत्तिहरू छन्, कराई, भाँडा, हण्डा, चाँदीका दण्डा, गुरू ग्रन्थ साहेप, आदि जति पनि वस्तु छन् तिनीहरूको लगत हुन्छ, गुठी संस्थानबाट त्यो लगत बुझेर संरक्षण गरिराख्नु पर्दछ ।

उदासिन सम्प्रदायको मूल मर्म बताइदिनुस् न ।

यस सम्प्रदायमा एउटा युक्ति प्रचलित छ; 'सिया सफेद, जरद सुरखाई, जो पहिरिए सोही गुरूभाइ ।' हामीलाई भगुवा वस्त्र नै धारण गर्नुपर्छ भन्ने छैन । सेतो, रातो, कालो जुनसुकै वस्त्र पहिरिए पनि हुन्छ । यस्तै 'चेतो नगरी तारो गाउँ' भनेको आफ्ना ज्ञानगुनका कुराहरूले नगरका सेठ साहु महाजनहरूलाई चेताएर तारो गाउँ अर्थात गरिब दुःखीहरूको सेवा गर । उदसिन सम्प्रदाय भन्ने वित्तिकै सेवाको परम्परा भन्ने बुझिन्छ । प्यासालाई पानी भोकालाई भोजन नै उदासिन सम्प्रदायको मूल मन्त्र हो ।

अन्त्यममा गौरीको निम्ति केही आशीर्वचन ?

पौराणिक, धार्मिक, सामाजिक, आयुर्वेदिक तमाम विषयलाई समेटेर गौरी पत्रिकाले समाजमा चेतना विस्तार गर्दै ठूलो उपकार गरेको छ । डर एवम् भय रहित भएर लोभ लालच भन्दा माथि उठेर एउटा पत्रकार एवम् अभियान्ताको हैसियतले जुन काम गरिरहनुभएको छ, त्यो अत्यन्त स्तुत्य छ । गौरी पत्रिकाको निरन्तरता एवम् श्रीवृद्धि होस् भन्ने मेरो कामना एवम् शुभाशीर्वाद छ ।❖

पशुपतिनाथ र वाग्मती

प्रा. नवराज घिमिरे

हाम्रो देश नेपाल सगरमाथाको गौरवले मात्र नभई विश्वमा जलस्रोतको दोस्रो धनी, पवित्र पुण्यभूमि, मन्दिरै मन्दिरको देश भनेर पनि प्रसिद्धि प्राप्त गरेको छ । तीर्थस्थलका रूपमा रहेको यो देशको नामाकरणको प्रसङ्ग पुराणमा यसरी वर्णन गरिएको छ– नेमिना मुनिना यस्मात् पालितं पुण्यकर्मणा । ततः प्रभृति तज्जातं क्षेत्रं नेपाल संज्ञकम् ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ९०, अध्याय – ११, श्लोक ६१)

अर्थात्, "नेमि" नामक ऋषिले हजारौं वर्ष तपस्या गरी जुन क्षेत्रको संरक्षण गर्नु भयो त्यो क्षेत्र नै "नेपाल" हो भनी प्रसिद्धि प्राप्त गर्न पुग्यो । जसलाई यसरी वर्णन गरिएको छ ।

पौराणिक भन्नाले पुराणसँग सम्बन्धित अथवा पुरातन समयमा पुराणमा वर्णित भन्ने बुझिन्छ । शास्त्रहरूको स्मरण गर्ने प्रसङ्गमा सर्वप्रथम ब्रह्माका मुखारविन्दबाट पुराणहरूकै स्मरण गरिएको थियो ।

पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणा स्मृतम् ।

अनन्तरञ्च वक्त्रेभ्यो वेदास्तस्य विनिर्गताः ॥

(व्यास वेद, मत्स्यपुराणम् । पू. १४४, ब. ५३, श्लो. ३)

सृष्टिकर्ता ब्रह्माद्वारा सर्वप्रथम स्मरण गरिएका विभिन्न पुराणहरूमा हाम्रो देश नेपाललाई तीर्थस्थलका रूपमा व्याख्या गरिनु हामी सम्पूर्ण नेपालीहरूको गौरवको विषय हो । स्कन्दपुराण, वराहपुराण, शिवमहापुराण, वामनपुराण, आनन्दरामायण आदि उच्चकोटिका ग्रन्थहरूमा यो देशका विभिन्न मठ–मन्दिर, नदी–नालाहरूको प्रशस्त वर्णन गरिएको पाइन्छ । कैलाशवासी भोलेनाथको प्रियभूमि र हिमालयको काखमा अवस्थित हाम्रो देश नेपालका नेपाली, जुन गौरवगाथाले हामी विश्वसामु परिचित छौं । स्कन्दपुराणको हिमवत्खण्ड नेपालमाहात्म्यमा यो भूमि पुण्यमयी, सकलफलदात्री देवताको वासस्थानका रूपमा वर्णित छ । भगवान् पशुपति जो वाग्मती नदीका तटमा अवस्थित श्लेष्मान्तक वनमा विराजमान हुनुहुन्छ ।

वाग्वत्याः सरितस्तीरे नाम्ना पशुपतिः स्मृतः । (व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ३, अ. १, श्लो. २३)

पशुरूपमा श्लेष्मान्तक वनको वाग्मती नदीका तटमा पशुपति नामले रहने छु भनी स्वयं भगवान् शंकरले भन्नुभएको पाइन्छ ।

स्थितोऽहं पशुरूपेण श्लेष्मान्तक वने यतः ।

अतः पशुपतिर्लोके मम नाम भविष्यति ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ३, अ. १, श्लो. २६)

पशूनां पतिः पशुपतिः । पशु भनेको प्राणी पनि हो । समस्त प्राणधारीहरूको पति हुनाले भगवान् शिवलाई नै पशुपति भनिएको हो । ऋषिहरूलाई "पशुपति" शब्दको अर्थ प्रष्ट्याउने क्रममा स्वयं महेश्वरबाट उद्धृत भएको पाइन्छ–

आत्मानः पशवः प्रोक्ताः सर्वे संसारवर्तिनः ।

तेषां पतिरहं देवः स्मृतः पशुपतिर्बुधैः ॥

मायापाशेन बध्नामि पशूनेतान् स्वलीलया ।

मामेव मोचकं प्राहुः पशूनां वेदवादिनः ॥

(व्यास वेद, कूर्मपुराणोपरिभाग । पृ. २६९, अ. ७, श्लो. १८–१९)

सर्वत्र व्यापक सर्वसाक्षी भगवान् पशुपतिनाथको दर्शनको महत्त्व भगवान् पशुपतिले वर्णन गर्नुभएको पाइन्छ; जो देवता या मानव पृथिवीतलमा मेरो यो पशुपति रूपको दर्शन गर्दछन् तिनीहरूको पशुजन्म कहिल्यै हुँदैन ।

यो मां पशुपतिं देवा द्रक्ष्यन्ति मनुजा भुवि ।

पशुजन्म न तेषां तु मत् प्रसादात् भविष्यति ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम् । पृ. ४, अ. १, श्लो. २७)

जुन दिनदेखि भगवान् शंकर नेपालको यस श्लेष्मान्तक वनमा पशुपति रूपमा वास गर्नुभयो, सोही

दिनदेखि समस्त देवीदेवता पनि आ-आफ्नो स्थान त्यागी श्लेष्मान्तक वनमा नै आई बस्न थाल्नुभयो-

स्थिते पशुपतौ तत्र सर्वे ये देवता गणाः ।

स्व-स्वक्षेत्रं परित्यज्य श्लेष्मान्तक वने स्थिताः ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ६, अ. १, श्लो. ५१)

पूर्वसमयमा 'श्लेष्मान्तक' नाम गरेका नागराजले तपस्या गरेको वन हुनाले यो क्षेत्रको नाम श्लेष्मान्तक वन रहन गएको हो । यो प्रसङ्गलाई स्कन्दपुराण हिमवत्खण्डमा उल्लेख गरिएको छ । श्लेष्मान्तक नागराजलाई वरदान दिने क्रममा स्वयं भगवान् आशुतोष भन्नुहुन्छ-

इदं वनञ्च सिद्धाढ्यं पुण्यकृद्भिर्निषेवितम् ।

भविष्यति जगत् ख्यातं तव नाम भुजङ्गम ॥

(व्यास वेद, हिमवत्खण्ड । अ. २९)

श्लेष्मान्तक वनको नामाकरण सन्दर्भमा वराहपुराणमा भगवान् शङ्कर नन्दीसँग भन्नुहुन्छ, हिमवत्खण्डमा श्लेष्मान्तक नाम गरेका नागराज तपस्याको बलले समस्त पापबाट मुक्त भइरहेका हुँदा उनकै नामले त्यो स्थल प्रसिद्ध हुनेछ । नागराजलाई कृपा गर्न त्यो दिव्य पवित्रस्थल म जाँदैछु ।

पारे हिमवतः पुण्ये तपोवन गणैर्युतः

तत्र श्लेष्मान्तको नाम वसते पन्नगोत्तमः ।

सोऽनु ग्राह्यो मयावश्यं तपसा दग्धकिल्विषः

तस्य नाम्ना च तत्स्थानं दिव्यं चिरतपो भृतम् ॥

(व्यास वेद, वराहपुराण । अ. २१४)

श्लेष्मान्तक वनको नामाकरण जस्तै गरी वाग्मती नदीको उत्पत्ति र महत्त्वका बारेमा पनि विभिन्न चर्चा पाइन्छ । कुनै समयमा भक्तराज प्रह्लाद भगवान् नृसिंहको प्रसन्नताका लागि मृगेन्द्र शिखरमा गई तपस्या गर्नुहुन्थ्यो । धेरै कालको तपस्या पश्चात् पनि नृसिंह भगवान् प्रकट हुनुभएन, अपि तु आशुतोष भगवान् भोलेनाथ अट्टहास गर्दै प्रह्लाद समक्ष प्रकट हुनुभयो । भगवान् शङ्करले अट्टहास गर्दा मुखबाट निष्कन गएका थूकका छिटाहरू नै गिरिगह्वरको मार्ग लिई वाग्मती नदीका रूपमा प्रवाहित भए ।

ततस्तुष्टो महादेवो हास्यमुच्चैश्चकार हि ।

हरहास समुद्भूता निर्गता गिरिगह्वरात् ॥

(व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ५४, न. ७, श्लो. ५६)

वाग्मती नदीको नामाकरण र महिमा वर्णन गर्ने क्रममा स्वयं भगवान् शिव प्रह्लादसँग भन्नुहुन्छ -

वचनान्मम दैत्येन्द्र बहिर्याता यतो नदी ।

अतोऽस्या वाग्वती नाम भविष्यति न संशयः ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ५४, अ. ७ श्लो. ५८)

मृगेन्द्र शिखराद्रम्यां मम हासाद् विनिर्गताम् ।

वाग्वतीं ये चद्र क्ष्यन्ति ते नराः पुण्यभागिनः ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ४, अ. १, श्लो. २८)

वाग्मती नदीको महत्त्व र पशुपतिनाथको महिमा दर्शाउन स्कन्दपुराण हिमवत्खण्डमा एउटा अलौकिक कथाको वर्णन गरिएको छ । जुन कथाको सारांश यस्तो छ ।

'मलय' नामक एक विप्र अनेकौँ कुकर्मका कारण श्राप प्राप्त गरी पाप प्रक्षालनार्थ तीन वर्षसम्म अनेकौ तीर्थ घुम्दा पनि श्राप मुक्त हुन नसकेपछि अन्त्यमा श्लेष्मान्तक वनमा पुगी वाग्मतीमा स्नान र पशुपतिनाथको दर्शन गर्नासाथ मुक्त भए । पशुवत् कुकर्म गरेका प्राणीहरूको मुक्तिका लागि नै पशुपतिनाथको प्रादुर्भाव भएको हो । गया, नैमिषारण्य, कुरुक्षेत्र, पुष्कर आदि क्षेत्रको पुण्यभन्दा दश गुणा अधिक पुण्य केवल वाग्मती र मणिमतीको संगमस्थलमा स्नान गर्नाले मात्र प्राप्त हुने कुरा नेपाल माहात्म्यमा पाइन्छ-

गयाया नैमिषाद्वाऽपि कुरूक्षेत्राच्च पुष्करात् ।

स्नानं दशगुणं ज्ञेयं मणिमत्याश्च सङ्गमे ॥

(व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ९३.१)

द्वापरयुगमा त्रिलोकीनाथ भगवान् श्रीकृष्ण आफ्ना पुत्र प्रद्युम्नको विवाहका प्रसङ्गमा यो पुण्यभूमि नेपालस्थित वाग्मती नदीमा स्नानार्थ र पशुपतिनाथको दर्शनार्थ पाल्नुभएको रोचक प्रसङ्ग स्कन्दपुराणान्तर्गत नेपाल माहात्म्यमा वर्णन गरिएको छ- भगवान् श्रीकृष्णले वाग्मतीमा स्नान गरी सन्ध्या तर्पणादि सकी वत्सलादेवीको दर्शन र पशुपतिनाथको पूजन गर्दै हुनुहुन्छ भन्ने सुनेर समस्त दोलागिरि निवासी श्री कृष्णको दर्शनार्थ जम्मा भएका थिए-

गत्वा पशुपतिस्थानं स्नात्वा वै वाग्वती जले

सन्ध्यामुपास्य विधिवत् संतर्प्य च पितामहान्।
विलोक्य वत्सलां देवी ययौ पशुपतिं प्रभुः
दृष्ट्वा पशुपतिं देवं पूजयित्वा यथा विधि॥
प्रदक्षिणं विधायपि दक्षिण द्वारमाययौ
तत्रोपविष्टो भगवान् जपं चक्रे समाहितः।
आगतं माधवं श्रुत्वा स्थाने पशुपतेः शुभे
आगताः ब्राह्मणा सर्वे दोलागिरि निवासिनः॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम्। पृ. ८८, अ. ११)

यस्तो पुण्यभूमि काष्ठमाण्डप उपत्यका र सम्पूर्ण नेपाल, जहाँ प्रवाहित वाग्मती नदीमा स्नान र पशुपतिनाथको दर्शनले मात्र पनि पशुतुल्य कुकर्म र जन्म-जन्मान्तरका पापहरू नाशिन्छन्। वनस्पतिका देवता शीतलता र प्रकाशकका प्रतिमूर्ति चन्द्रताले बृहस्पति गुरूकी पत्नी तारा (गुरूपत्नी) हरण गरेको पशुवत् कर्मको दोष निवारणार्थ उपाय सोधनी गर्दा अगस्त्यजी भन्नुहुन्छ– गुरूपत्नी हरण गरी जुन पशुवद् कुकर्म गयौ, त्यो दोष मेटाउन श्लेष्मान्तक वनमा स्थित पशुपतिनाथको पूजा अर्चना गर।

भार्यां हृत्वा गुरोश्चैव पशुकर्मं कृतं ध्रुवम्।
तस्मात् पशुपतिं देवं गत्वा श्लेष्मान्तकं वनम्॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम्। पृ. ११४, अ. १४, श्लो. ३१ ८५)

अगस्त्य ऋषिको आज्ञानुसार वाग्मतीमा स्नान गरी पशुपतिनाथको दर्शन पूजन गरिरहेका भक्त चन्द्रमाका अगाडि प्रकट भई पशुपतिनाथ चन्द्रमालाई भन्नुहुन्छ

यस्तु पूजयते भक्त्या पशुयोनिं मम प्रियाम्।
मुच्यते पशुपाशेभ्यः काम सिद्धिश्च लभ्यते॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम्। पृ. ११८, अ. १४, श्लो. ८५)

वाग्मती नदीको महत्त्व स्वयं पशुपतिनाथले गर्नुभएको छ– जसको कहीं गति हुँदैन, त्यसको सद्गति वाग्मतीमा स्नानले हुन्छ–

नास्ति येषां गतिः क्वापि तेषां हि सा गतिर्ध्रुरुवम्।
मम शक्तिः परा देवी वाग्वतीत्यभिधीयते॥

–(व्यास वेद, हिमवत्खण्ड। अ. ८६)

वाग्मतीको जल जुन कुनै ठाउँमा प्रवाहित भएको भए पनि त्यहाँ स्नान गर्ने मानव मेरो मूर्तितुल्य हुन्छ भनेर शिवले बाग्मतीको महत्त्व दर्शाउनुभएको छ–

यत्र कुत्रापि कुर्वन्ति वाग्वत्यां ये जलाप्लवम्।
मूर्तयो मे भविष्यन्ति स्नातकाऽस्तेन संशयः॥

–(व्यास वेद, हिमवत्खण्ड। अ. ४७)

यसै गरी वराहपुराणमा पनि भगवान् शिव वाग्मतीको महिमा यसरी गान गर्नुहुन्छ– जो प्राणी वाग्मती नदीमा स्नान गरी मेरो दर्शन गर्छन्, तिनीहरू घोर संसाररूपी सागरबाट अवश्य मुक्त हुन्छन्।

वाग्वत्याः सलिले स्नात्वा ये मां पश्यन्ति भक्तितः।
तेषां मुक्तिर्भवेन्नित्यं घोराद् संसारसागरात्॥

–(व्यास वेद, वराहपुराण। अ. २१५)

नेपालस्थ पशुपतिनाथ र नेपाल भूमिको धार्मिकतालाई हृदयङ्गम गरी स्वयं मर्यादा पुरूषोत्तम श्रीराम यहाँ तीर्थाटनार्थ पाल्नुभएको उल्लेख आनन्दरामायणमा पाइन्छ।

चकार वासं तीर्थेषु धर्मान् कुर्वन् यथा सुखम्।
गण्डकी सङ्गमे स्नात्वा नेपाले जगदीश्वरम्॥

–(व्यास वेद, आनन्दरामायण, यात्राकाण्ड। सर्ग – ६)

पशुपतिनाथको महत्त्व बुझेका भक्तराज प्रह्लाद आफ्ना वंशले गरेका पापप्रक्षालनार्थ तीर्थ यात्रा गर्दै पशुपतिनाथको दर्शनार्थ आउनुभएको थियो।

तत्रदेवं पशुपतिं लोकनाथं महेश्वरम्।
सम्पूजयित्वा विधिवत् कामरूपं जगाम ह॥

–(व्यास वेद, वामनपुराण। पृ. ४०२, अ. ८३, श्लो. ६४)

वाग्मती नदीको महत्त्व वराहपुराण यसरी वर्णन गरिएको छ– वाग्मती नदीमा भक्तिपूर्वक स्नान गरी गरिएको छ पशुपतिनाथको दर्शन गर्नाले घोर संसारबाट प्राणी मुक्त हुन्छन्। भागीरथीमा स्नान गरेको भन्दा सयगुना अधिक पुण्य वाग्मतीमा स्नान गर्नाले प्राप्त हुन्छ। प्रभास, प्रयाग, नैमिषारण्य, कुरूक्षेत्रभन्दा पनि यो क्षेत्रको विशेष महिमा छ।

हिमाद्रेस्तुंगशिखराद् प्रोद्भूता वाग्वती नदी।
भागीरथ्याद् शतगुणं पवित्रं तज्जलं स्मृतम्॥
यत्र यत्र च वाग्वत्यां स्नाति वै मानवः शुचिः।

तिर्यग्योनिं न गच्छेत्तु समृद्ध जायते कुले ॥
प्रभासाच्च प्रयागाच्च नैमिषत्पुष्करादपि ।
कुरूक्षेत्राच्च विबुधाः क्षेत्रमेतद् विशिष्यते ॥

–(व्यास वेद, वराहपुराण । अ. २१५)

यो भूमि सत्ययुगमा 'सत्यपुरी', त्रेतायुगम 'तपोवनी', द्वापरयुगमा 'मुक्तिका' र कलियुगमा 'नेपालिकापुरी' नामले प्रसिद्ध भएको पाइन्छ ।

कृते सत्यपुरी ज्ञेया त्रेतायां च तपोवनी ।
द्वापरे मुक्तिका नाम कलौ नेपालिका पुरी ॥

(व्यास वेद, हिमवत्खण्ड । अ. १६२)

सृष्टिकर्ता ब्रह्मा र पालनकर्ता विष्णुको झगडा मिलाउन ज्योतिर्लिङ्गका रूपमा प्रकट हुनुभएका भगवान् भोलेनाथका द्वादश ज्योतिर्लिङ्ग संसारमा प्रसिद्ध छन्–

सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुनम् ।
उज्जयिन्यां महाकालमोङ्कारममलेश्वरम् ॥
परल्यां वैद्यनाथं च डाकिन्यां भीमशङ्करम् ।
सेतुबन्धे तु रामेशं नागेशं दारुकावने ॥
वाराणस्यां तु विश्वेशं त्र्यम्बकं गौतमी तटे ।
हिमालये तु केदारं घुश्मेशं च शिवालये ॥

–(स्तोत्र रत्नावली, गीताप्रेस गोरखपुर । पृ. ३९)

उपर्युक्त द्वादश ज्योतिर्लिङ्गको शिरोभाग पशुपतिनाथलाई नै मानिन्छ । तसर्थ, अन्य समस्त अङ्ग दर्शन गरे पनि जबसम्म शिरोभागको दर्शन गर्रिंदैन तबसम पूर्ण फल प्राप्त हुँदैन ।

यस प्रसङ्गलाई शिवमहापुराणमा प्रष्ट उल्लेख गरिएको छ–

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥
शिरोभाग स्वरूपेण शिवलिङ्गं तदस्ति वै । (व्यास वेद, शिवमहापुराण । कोटिरूद्र संहिता । पृ. ६९२, अ. ११, श्लो. १८, १९)

यसरी विभिन्न पुराण-उपपुराणहरूमा वाग्मती र पशुपतिनाथको महत्त्व दर्शाइएको छ । वाग्मती र विष्णुमतीको सुमनोहर सङ्गमस्थलमा भगवान् शिवले सतीदेवीको शव बोकेर हिँड्दा भगवान् विष्णुले लोक कल्याणार्थ सतीदेवीको घुँडा काटिदिनुभएको प्रसङ्ग पुराणमा वर्णित छ । जहाँ अहिले पनि शक्तिपीठ विद्यमान छ–

वाग्वत्या विष्णुमत्याश्च सङ्गमे सुमनोहरे ।
पुरात्र हरिणा छिन्नो जानुः सत्या हरार्थतः ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम् । पृ. ९४, अ. ११, श्लो. १०७)

पुण्यमयी भूमि नेपालकै वाग्मती र मणिमती नदीका सङ्गममा पौलस्त्य पौत्र विश्रवा ऋषिको छोरो रावणले हजारौ वर्ष निराहार रही करोडौँ शिवलिङ्ग स्थापना गरी अग्निकुण्डमा आफ्ना दशैवटा शिर काटी हवन गर्दा पितामह ब्रह्मा प्रकट भई इच्छानुसार आफ्ना शिर धारण गर्न सक्ने र दिग्विजयी हुने वरदान प्रदान गर्नुभएको थियो । जुन ठाउँलाई गोकर्ण भनिन्छ–

वाग्वत्या मणिमत्याश्च सङ्गमे पूर्वगे तटे ।
लिङ्गं संस्थाप्य कोटीनां लिङ्गानामुपरिस्थले ॥
दिव्यवर्ष सहस्रं तु निराहारो दशाननः ।
पूर्णे वर्षे सहस्रस्तु शीर्षमग्नौ जुहाव सः ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम् । पृ. १७०, अ. २४, श्लो. १२, १३)

उपर्युक्त तथ्यले पनि यो भूमिको महत्व अझ बढाएको छ । गोकर्णक्षेत्रको महत्त्व कूर्मपुराण पनि पाइन्छ–

तीर्थानां परमं तीर्थं गोकर्णं नाम विश्रुतम् ।
सर्वपापहरं शम्भोर्निवासः परमेष्ठिनः ॥
दृष्ट्वा लिङ्गं तु देवस्य गोकर्णेश्वरमुत्तमम् ।
ईप्सिताँल्लभते कामान् रूद्रस्य दयितो भवेत् ॥

–(व्यास वेद, कूर्मपुराणोपरिविभागः । पृ. ४२४, अ. ३४, श्लो. २९, ३०)

वाग्मती र विष्णुमतीका बीचको भूमिलाई 'सिद्धिभूमि' भनिन्छ –

वाग्मत्या विष्णुमत्याश्च मध्ये या वर्तते मही।

सिद्धिभूमिस्तु सा प्रोक्ता तत्र पापं न विद्यते ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पृ. ९४, अ. ११, श्लो. १०२)

मनोहरा र वाग्मती नदीको बीचभाग "धर्मभूमि" मानिन्छ–

मनोहराया वाग्वत्या मध्ये वा वर्तते मही।

धर्मभूमिरियं ख्याता सदा धर्म विवर्धिनी ॥ (व्यास वेद, स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम् । पू. ९३, ब. ११, श्लो. ९७)

वाग्मती नदीको महत्त्व स्कन्दपुराणमा वेदव्यासले यसरी वर्णन गर्नुभएको छ– रोगले पीडित भई प्राण निस्कने अवस्थामा पनि पापीजन आफ्ना दुवै चरण वाग्मती नदीको जलमा स्पर्श गराई प्राण त्याग्दछ भने योगिजनबाट योगद्वारा प्राप्त गरिने दुर्लभ कल्याणकारी पद प्राप्त गर्दछ। जुन गति प्राप्त गर्न देवतागण सदा लालायित रहन्छन् भने के धैर्यशाली महापुरूष त्यो गति प्राप्त गर्न चाहँदैनन् ?

वाग्वत्याः सलिले स्वकीय चरणौ संस्पृश्य रोगार्दितः

प्राणैः कण्ठगतोऽपि पामरजनो मुञ्चत्यसून् तत्तटे।

सोऽन्ते योगः सुगम्य मानपदवीं प्राप्नोति हृद्यं शिवः

वाञ्छन्तित्रिदशाश्चतादृशगतिंधीराः जनाः किंपुनः ॥

–(व्यास वेद, हिमवत्खण्ड)

पुराणमा उल्लेख भएअनुसार पुण्यमयी नदी वाग्मतीमा स्नान गर्ने मन्त्र–

वागीशे वाग्भवे वाणी भारति भवहारिणी।

वाग्विभूति भवेशानि भवप्रिये नमोऽस्तुते ॥

नमस्ते देवि वाग्वत्यै सर्वदुष्कृतनाशिनी।

अद्य मे धूलितं पापं त्वद्दर्शनाच्चिरार्जितम् ॥

–(व्यास वेद, हिमवत्खण्ड न. १४८)

उपर्युक्त पौराणिक प्रमाणहरूले पशुपतिनाथ र वाग्मतीको महत्त्व प्रष्ट हुन्छ।

यस्तो पुण्य पवित्र तीर्थमयी देव नेपालका नेपाली हामी जहाँका प्रत्येक कणकणमा देवीदेवताको वास छ। जुन पवित्र स्थलमा प्राण त्याग्नु पनि शिव सायुज्य प्राप्त गर्नु बराबर छ। जुन देशमा प्रवाहित नदीहरूको महत्त्व प्रायजसो सबै धर्मशास्त्र पुराणहरूमा वर्णन भएको पाइन्छ, त्यस्ता लोकोपकारी नदी, मठ–मन्दिर, गुम्बाहरूको दयनीय अवस्था देख्दा कसको मन नरोला ?

पौराणिक दृष्टिकोणले मात्र नभई हरेक दृष्टिकोणमा नदीको महत्त्व अवर्णनीय छ। नदी विना न विद्युत् उत्पादन हुन्छ, न त कृषिकर्म नै। नदी भन्ने बित्तिकै पानी भन्ने बुझिन्छ। के पानी विना प्राणीको कल्पना गर्न सकिन्छ ? अर्थात् जलविना जगत् रहँदैन।

पानी जीवन हो समस्त जगको पानी विना के छ र ?

पानी प्राण समस्त जीवगणको हो प्राणको रक्षक।

पृथ्वी हो जलको मुहान नभमा पानी छ संरक्षित

को बुझ्ला जगमा महत्त्व जलको हो विश्वसञ्चालक ॥

(घिमिरे नवराज, मनोभाव। छन्दोबद्ध कविता संग्रह, पृ ८० ३४)

समस्त नेपालीहरूका इष्टदेव पशुपतिनाथको मन्दिर आज जीर्ण अवस्थामा पुगिसकेको छ भने समीपमा प्रवाहित धार्मिक आस्थाको प्रतिबिम्बित नदी वाग्मतीको जल अस्पृश्य र अपेयसमेत बनिसकेको यथार्थ हामी कोही पनि नकार्न सक्दैनौँ। जुन देशमा पहाड, पर्वत, नदी–नालाको संरक्षण र धार्मिक संस्कृतिको जगेर्ना हुन सक्दैन त्यो देशको उन्नति, प्रगति र विकास कदापि सम्भव छैन।

हाम्रो देश धार्मिक आस्था र संस्कृतिको केन्द्र हो। जसलाई हाम्रा प्रामाणिक ग्रन्थहरूले पूर्णता दिएको पाइन्छ। तसर्थ, पौराणिक ग्रन्थका आधारबाट भेटिएका, मानिएका, पूजिएका तथा संरचना गरिएका विभिन्न धार्मिक स्थलहरूको जगेर्ना गर्नु आफ्नो संस्कृतिको रक्षा गर्नु हो। धार्मिक आस्थाको केन्द्र रहेको पशुपतिनाथको मन्दिर तथा पवित्र जलको गरिमामय गाथालाई विश्वमाझ पुऱ्याउन सक्ने वाग्मती नदीको संरक्षणार्थ विशेष ध्यान र खोजपूर्ण तरिकाबाट संरक्षण गर्नको लागि प्रेरित गर्नु नै यस अनुसन्धानात्क लेखको प्रमुख ध्येय हो। अन्त्यमा, पुण्यमयी नदी वाग्मती र इष्टदेव पशुपतिनाथले सबैको मन मस्तिष्कमा शुद्ध विचारधारा प्रवाहित गरी सबैको कल्याण गरून्।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।

सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत् ॥❖

–सानोठिमी, भक्तपुर

स्रोत : पौराणिक दृष्टिमा (अनुसन्धानात्मक कृति)

पाशुपत क्षेत्रले बिर्सेको

पर्वतेश्वरशिवलिङ्ग

—हरिप्रसाद सोडारी

पशुपतिलाई केन्द्रमा राखी उपत्यकाभित्र रहेका ६४ शिवलिङ्गमध्येका उत्तरमा धर्मेश्वर, ईशानमा मणिचूडेश्वर, पूर्वमा रत्नचूडेश्वर, आग्नेयमा अनन्तलिङ्गेश्वर, दक्षिणमा भृङ्गेश्वर, नैऋत्यमा उद्दालकेश्वर, पश्चिममा गोलोकेश्वर, वायव्यमा चन्दनभ्राटेश्वर रहेका छन् । शैव परम्पराको महत्त्व बढाउन यसरी मन्त्र, तन्त्र र शक्तितत्त्वबाट उपत्यकालाई बाँधियो । स्वयम्भू, पशुपति र नारायणस्थानलाई यन्त्राकार हुने गरी बनाइयो । तन्त्रलाई ध्यानमा राखी ६४ मध्येका सात शिवलिङ्ग (जलेश्वर, गुह्येश्वर, किरातेश्वर, भस्मेश्वर, भुवनेश्वर, रूद्रगारेश्वर, पर्वतेश्वर) द्वारा पशुपतिको महत्त्व बढाउँदै साधनाको लक्ष्मण रेखा कोरियो । संरक्षणका अभावमा ती शिवलिङ्गहरू भाँचिएका, पूजा रोकिएका, गुठी हराएका, सजिलै पहिचान गर्न नसकिने अवस्थामा छन् । प्रत्येकको नाम लेखेर टाँसिदिए सर्वसाधारणलाई जानकारी हुने थियो । पाशुपत क्षेत्रका हरेक रूखहरू ऋषिमुनि हुन्, प्रत्येक ढुङ्गा देवीदेवताको स्वरूप हुन्, माटो विभूति हो । यहाँका हरेक शिवलिङ्गले पाशुपत दर्शन, शक्ति र विर ासतलाई बचाएका छन् ।

अनेकौं ऋषिमुनिले विभिन्न विधिबाट पाशुपत क्षेत्रमा साधना गरे । शिव एवम् शक्तिको समिश्रण, वाग्मतीको प्रवाह विभिन्न कुण्डहरू भएकाले साधकहरू आकर्षित भए । अन्ततः देवीमूर्ति तथा शिवलिङ्गको स्वरूप, पूजापद्धति आदिमा फरकपन आयो । नेपालका धेरै स्थानमा शक्तिशाली मूर्ति, नदी, भूमि र शिवलिङ्गहरू पाइन्छन् । धरानस्थित पिण्डेश्वरशिवलिङ्गदेखि पश्चिममा वैद्यनाथशिवलिङ्गसम्मको बनोटमा एक रूपता छैन । यिनीहरूको पूजाविधि र स्थापनाको प्रयोजनसमेत भिन्न छ । पशुपतिले शिवालय र देवीमन्दिरको तरङ्गलाई आर्यावर्तका दैवी शक्तिलाई समन्वय गराएको छ । आर्यावर्तका शिवालय एवम् प्रमुख शक्ति पीठलाई पशुपतिसँग जोडेर रेखाङ्कन गर्दा कतै डमरू र त्रिशूल, केहीमा गजुर र नन्दी, कुनैमा बिन्दू र त्रिकोणका स्वरूप बनेर केही संकेत गरिरहेका छन्, अमूक प्रश्नको उत्तर दिइरहेका छन् । फरक ऊर्जा भएको ६४ शिवलिङ्गमध्येका सात शिवलिङ्ग पशुपतिकै वरिपरि छन् । तिनीहरूमध्ये स्वरूप हराएर भक्त र दर्शनार्थीबाट टाढा रहेको पर्वतेश्वरको कैलाशपर्वतमा देख्न सकिन्छ ।

कैलाश पर्वतमा अहिले अनेकौँ शिवलिङ्ग राखिएकाले पर्वतेश्वर शिवलिङ्ग कुन हो ? सजिलै चिन्न सकिँदैन । मेरा प्रातः स्मरणी गुरूदेव डा. स्वामी प्रपन्नाचार्यजी महाराजद्वारा ६४ शिवलिङ्गको खोज हुँदा पहिलोपटक यसको दर्शन गर्न पाएको थिएँ । कैलाशपर्वत आफैँमा साधना, शिवतत्त्व र शाक्तको पूञ्ज हो । झण्डै नन्दी स्वरूपमा देखिने यो पर्वतको महत्त्व, उपयोगिता र महिमाबाट हामी विमुख हुँदै गएका छौँ । जुन पर्वतका काखमा पशुपतिमन्दिर छ, शैवको ऊर्जा बसेको छ, तन्त्रको प्रवाह अविरल बगिरहन्छ त्यसको महिमा ओझेलमा पर्नु र पारिनु सुखद हुनै सक्दैन । शिवरात्रिका गाँजा पिउने स्थल, बालाचतुर्दशीमा शौचालय र फोहोर फाल्नु डाँडाजस्तो बन्दै गएको छ । केही समय अघि यसलाई घेरेर राख्ने काम भए पनि उपयोगिताका आयामहरू टाढिएको देखिन्छ ।

कैलाशलाई निवास, हिमालयलाई[१] औषधिहरूको केन्द्र बनाउने देवताका रूपमा महादेवलाई चिनिएको छ । मानसरोवरले कैलाशको महत्त्व बढाएझैँ पाशुपत क्षेत्रको कैलाशले यस क्षेत्रलाई शैवभूमिमा रूपान्तरण गरेको छ । कैलाशमा बसेर पशुपति, तन्त्र, योग वा शैव सम्बद्ध आराधना गर्न सकिन्छ । कैलाशमा वाग्वती, उमाकुण्ड, गौरीघाट, किरातेश्वरको ऊर्जामात्र होइन शिवकै शक्ति सञ्चय हुन्छ । यहीँ ज्ञानकूप तीर्थ रहेको वर्णन हिमवत्खण्डको

१४९ अध्यायमा छ । ज्ञान बढाउने कुवा नै ज्ञानकूप हो । संभवतः उमाकुण्डलाई नै ज्ञानकूप भनिएको प्रतीत हुन्छ ।

पर्वतेश्वर शिवलिङ्ग पाशुपत क्षेत्रको कैलाशडाँडामा रहेको छ । हिमालयपर्वतको तपस्याले महादेव खुसी भई दर्शन दिएकाले यस शिवलिङ्गको नाम पर्वतेश्वर राखिएको हो । स्थूलपाद नाम गरेको यक्षले माघकृष्ण चतुर्दशीदेखि एक वर्षसम्म पर्वतेश्वरको पूजा गरी मुक्त भए ।[२] चौसट्ठी शिवलिङ्गको दर्शनका क्रममा विरूपाक्षले वैशाखशुक्ल एकादशीका दिन पर्वतेश्वर शिवलिङ्गको दर्शन गरे । पर्वतेश्वर शिवलिङ्गको स्थापना कसले गरे इदमित्थम् भन्न गाह्रो छ । यसको जलहरी वायव्य प्रकारको छ । संरक्षणको अभावमा जलहरीसहितको भाग मूलस्थानबाट काटेर फ्याँकिएको छ, नन्दीको अत्तोपत्तो नभएकाले जोगीको समाधिजस्तो देखिन्छ । गुठी र पूजारी नभएकाले नित्यपूजा हुँदैन ।

कैलाशमा प्रष्ट तीन खण्ड देखिन्छ । वाग्मतीतर्फको भाग उच्च छ, उमाकुण्डकै आडको भाग कुनै खेतको गरोजस्तै देखिन्छ । पर्वतेश्वर रहेको बीचभाग निकै फराकिलो छ । माथिल्लो भागमा मन्दिर रहेको पर्वतेश्वर शिवलिङ्ग भएको चउरलाई प्राङ्गणजस्तो देखिन्छ । कैलाशमा शास्त्रविपरीत जथाभावी शिवलिङ्ग बनाउँदा पर्वतेश्वर शिवलिङ्ग कुन हो चिन्नै गाह्रो छ । विश्वसम्पदा सूचीमा परेको, पशुपतिकै आडमा रहेको पर्वतेश्वर शिवलिङ्ग नामेट हुनु दुर्भाग्य हो । तथापि घायल अवस्थाको पर्वतेश्वर अविछिन्न उभिएर धार्मिक संस्था, हिन्दूराष्ट्र र शैवक्षेत्रको कल्याण गर्दै शिवको महिमा बढाइरहेको छ ।

साउन महिनामा पाशुपत क्षेत्रमा रहेका शिवलिङ्गको परिक्रमा गर्ने वातावरण सम्बन्धित निकायले गरिदिने हो भने भक्तहरूले लाभ लिन सक्ने थिए, साधकहरूको साधनाले पूर्णता पाउने थियो । पशुपतिको वामदेवमुहारतर्फ रहेको पर्वतेश्वरको रूग्ण स्वरूपले हामीलाई कहिल्यै नधिकारोस् भन्ने कामना गर्नुपर्ने अवस्था रहेको छ । साउन महिनामा प्रकृतिले आफैँ पानी पारेर यसलाई स्नान गराउँछिन् । यहाँ पलाएका झारहरू समर्पित भई शिवनिर्माल्य बनिदिन्छन् । झट् हेर्दा आदिकवि भानुभक्तले जेलमा बसेर लामखुट्टे, उपिँया, उड्डुसको लाक्षिणक कविता बनाएको पर्वतेश्वरले खूब याद गरेझैँ देखिन्छ । बत्ती मुनिको अध्यारोझैँ पर्वतेश्वरको अवस्था नहोस् । यस श्रावण महिना अर्थात् शिव साधनाको अवसरले पाशुपततत्व, पाशुपतास्त्र, पाशुपतदर्शनको महत्वलाई बढाउँदै पर्वतेश्वरको पवित्रतालाई बढाओस् ।❖

– खोप्लाङ, गोरखा

१. त्वादत्तेभी रूद्र शन्तमेभिः शतं हिमा अशीय भेषजेभिः । –ऋग्वेद (२।३३।२)
२. श्रीमत्पशुपतिपुराणम् (पृ. २१८) । –सम्पादक योगी नरहरिनाथ

यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यबस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीक रण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाँउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रमा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

  धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (नि:शुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोनः ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्सः ०१-५५४१०५८ टोल फ्रि.नं. १६६०-०१-४४४३३
ईमेल ठेगानाः **support@sebon.gov.np**
वेबसाइटः **www.sebon.gov.np**

वेदमा अष्टाङ्ग योगको परिचय एवम् स्वरूप



-योगी रमेश सिटौला

वेद विश्व ज्ञान परम्पराको सबैभन्दा प्राचीन ग्रन्थ हो । UNESCO ले पनि यसलाई विश्व सम्पदाको संज्ञा दिएको छ । वेद संहितामा योगको विस्तृत वर्णन गरेको पाइन्छ । योग परम्परा अनुसार 'हिरण्यगर्भ' लाई योगका आदि प्रवक्ता बताइएको छ ।

हिरण्य गर्भो योगस्य वक्त नान्यः पुरातनः

(याज्ञवल्लभ स्मृति)

ऋग्वेदले पनि यसको पुष्टि गर्दै भन्दछ–

हिरण्य गर्भः समवर्तताग्रे भूतस्यजातः परिरेक आसीत

(ऋग्वेद ११/१२१/१)

वैदिक साहित्यमा चार प्रकारका साहित्य वा ग्रन्थको कुरा गरिन्छ– संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् ।

१. संहिता

महर्षि पाणिनीले भन्नुभएको छ, परह समीनकष संहिता। पर र वरको वर्ण टाँसिएर बस्नु नै संहिता हो । यसमा चार प्रकारका वेद छन्– ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । यसमा मन्त्रको संकलन, सुक्तको संकलन, प्रार्थनाको संकलन पर्दछन् । यो उपासना खण्ड हो ।

२. ब्राह्मण

यज्ञ कसरी गर्ने, बल वेदी कसरी बनाइन्छ, अग्निहोत्र कस्तो हुन्छ, ऋषिहरूको संख्या कस्तो प्रकारको हुन्छ ? यी सबै ज्ञान ब्राह्मण ग्रन्थमा हुन्छ ।

३. आरण्यक

यसको अर्थ वन वा जंगल हुन्छ । ज्ञान जो जंगलमा प्राप्त गरिन्छ अर्थात् एकान्त अवस्थामा, एकाग्रता अवस्थामा प्राप्त गर्ने यसमा पनि यज्ञ यज्ञादिको माध्यमले या धनको माध्यमले ज्ञान प्राप्त गर्ने विषय यसमा चर्चा गरिन्छ ।

४. उपनिषद्

उप+नि+षद्, अर्थात् नजिक आएर तल बस्नु । गुरूको सान्निध्यमा आएर गुरूको चरणमा बस्नु । यसो गर्दा ज्ञानको प्राप्ति हुन्छ ।

वेदमा पुरा साहित्य छ, जसमा ज्ञान खण्ड छ, जहाँ ज्ञानको चर्चा हुन्छ त्यसलाई उपनिषद् भनिन्छ । यसलाई वेदान्त पनि भनिन्छ । यो ज्ञान खण्ड हो ।

ब्राह्मण र आरण्यक यज्ञ यज्ञादिको कर्मकाण्ड अन्तरगत कर्मशुद्धि अन्तरगत आउँछ, संहिता उपासक खण्ड, उपनिषद् ज्ञान खण्ड हो ।

उपनिषद् कति प्रकारका छन् भन्ने सन्दर्भका स्पष्ट जानकारी पाइएको छैन तैपनि कतिपय विद्वान् हरूले उपनिषद्को संख्या १०८ वटा उल्लेख गरेको पाइन्छ । त्यसमा २० उपनिषद् छन् तिनीहरूको नाम नै योग उपनिषद् भनिन्छ । यसरी उपनिषद्मा योग तत्त्वको चर्चा पाइने हुनाले वेदमा पनि योग तत्त्वको बारेमा चर्चा गरेको सिद्ध गर्न सकिन्छ ।

वैदिक साहित्यको संहितामा योगका बारेमा विभिन्न प्रकारले वर्णन गरिएको पाइन्छ । जव हामी योगको कुरा गर्छौं, तव हामी महर्षि पतञ्जलिको संमरण गर्छौं । उहाँले पातञ्जल योग सूत्रको द्वितीय अध्यायमा वर्णित सूत्र 'यमनियमासनप्राणायामप्रत्याहारधारणाध्यानसमाधयोऽष्टावङ्गानि (प.यो.सू. २/२०) । यसका आठ अंग छन् । वेदको कुरा गर्दा हामी संहिताको कुरा गर्छौं भने योगको कुरा गर्दा हामी अष्टाङ्ग योगको कुरा गर्छौं । वेदमा निरीक्षण गर्ने हो भने योगको स्वरूप पातञ्जल योग जस्तै अष्टाङ्ग योगको त्यही स्वरूप वर्षन गरेको पाइँदैन र सूक्ष्म रूपमा निरीक्षण गर्ने हो भने अधिकांश मन्त्रहरूमा अष्टाङ्ग योगको वर्णन पाइन्छ ।

वेदमा अष्टाङ्गयोगको स्वरूप

वेदको संहितामा अधिकांश कुराहरूले यम नियमलाई नै बल दिएको छ । यममा ५ वटा कुराहरू पर्दछन्– अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्या र अपरिग्रह । अहिंसामा सेधन्तै सोमिनः (ऋग्वेद ७/३२/३) ।

सत्य : सत्य (सत्)लाई सम्पूर्ण वैदिक वाङ्मयको सार तत्त्व मानिन्छ । वेदमा सत्यको लागि ऋत शब्दको प्रयोग धेरै पटक गरिएको पाइन्छ । वेदमा सत्यको अभ्यास मृदु वाणीको प्रयोगद्वारा गरिएको छ । सत्य पनि अहिंसात्मक सत्य हुनुपर्दछ । जो सत्य बोल्द हिंसा हुन्छ, लोकको अहित हुन्छ, त्यस्तो सत्य बोल्नुभन्दा मौन रहनु ठीक हुन्छ । सत्यको पालना व्रत (सत्यव्रत) को रूपमा गर्ने गरिन्थ्यो । जस्तो सुकै परिस्थिति आइपरोस् सत्यको पालना गर्ने गरिन्थ्यो । त्यो व्रत हो, त्यो Death हो, त्यो दृढसंकल्प हो । सत्यको पालना व्रतको रूपमा गर्ने गरेको वैदिक वाङ्मयमा उल्लेख पाइन्छ । त्यसै कारणले सत्यलाई अहिंसा पछि राखिएको हो ।

अथर्ववेदमा सत्यको बारेमा यसरी बताइएको छ– जिह्वा अग्रे मधुमे जिह्वा मूले मधूलकम् । (अथर्ववेद १/३१/२) अर्थात्, मेरो बाणी अग्र भागमा, जिह्वा मूलमा तथा मन बुद्धिमा मधुरता विराजमान होस् । बोल्नको लागि नबोली जे आवश्यक छ र बोल्दा कसैलाई आघात हुँदैन त्यही मात्र बोल्नु ।

अस्तेयः अस्तेय चोरीको अभाव हो । अस्तेयलाई यसरी पनि बुझ्न सकिन्छ, मसँग विपत्ति छ, मसँग केही छैन, मसँग केही कमी छ, यसको अर्थ अभाव नै अस्तेय हो । अस्तेयको उल्टो स्तेय हुन्छ । मतलव अभावको उल्टो पूर्ण वा पुरा हो । अब हामी पूर्ण या हामीमा अभाव नहुनको लागि हामी अरू व्यक्तिको सम्पत्ति, ज्ञान, वस्तु छिन्ने या चोर्ने गर्छौ ? वेद मन्त्रमा अस्तेय शब्दको प्रयोग स्तेन, दस्यु, वंचक, चोरकर्म शब्दको रूपमा गरिएको पाइन्छ ।

ब्रह्मचर्यः ब्रह्मचर्य शब्द बृहि बुद्धौ धातुबाट उत्पन्न भएको हो । ब्रह्म शब्दको अर्थ हो जुन बढेको हुन्छ, जो विराट छ, जो ईश्वर हो, वेदलाई पनि ब्रह्म भनिन्छ । जो तपस्या तपस्चर्या हो, जो सर्वत्र छ, त्यसलाई ब्रह्म भनिन्छ । जसको भक्षण गर्नु, उपभोग गर्नु, अभ्यास गर्नु, आफ्नो जीवनमा उतार्नु नै चर हो, चर्या हो । यो चर धातुबाट चर्य शब्द बनेको छ । जो ब्रह्मको प्राप्तिमा हिंडेको छ, ब्रह्मको प्राप्तिमा लागेको छ, ब्रह्मको प्राप्ति नै उनको इच्छा छ त्यसलाई नै ब्रह्मचर्यको पालन, जसलाई हामी ब्रह्मचारी भन्दछौं । अतः ब्रह्मचर्य शब्दको अर्थ हुन्छ, परमात्मा तथा वेदमा विचरण गर्नु ।

ऋग्वेदमा एउटा मन्त्र छ– आदंगिराः प्रथमं दधिरे वयं इद्धाग्नयः शम्या यो शुकृप्यया । (ऋग्वेद १/८८/४) अर्थात्, आयुको प्रथम २४ वर्षसम्म ब्रह्मचर्य धारण गर्नको लागि साधकलाई निर्देश गरिएको छ । ऊ नित्य प्रति अग्नि विद्या (अग्निहोत्र)को प्रदीप्त गरोस् ।

अपरिग्रहः अपरिग्रहको अर्थ हुन्छ आफ्नो वरिपरि

धेरै सम्पत्ति जम्मा गर्नु । जसको आवश्यकता नै छैन त्यो आफ्नो साथ राख्नु । त्यो बस्तुको काम के हो थाहा छैन तर जम्मा गरेर राख्ने । यजुर्वेदमा एक मन्त्र छ,

ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् । (यजुर्वेद ४०/१)

अर्थात्, यो सारा सृष्टि छ त्यो ईश्वरद्वारा नै व्याप्त छ । जुन वस्तु व्यक्तिसँग हुन्छ त्यसलाई त्याग भावबाट भोग गर्नु भनेर यजुर्वेदमा अपरिग्रहको रूपमा वर्णन गरिएको छ ।

नियमः नियम ५ प्रकारका छन्– शौच, सन्तोष, तप, स्वाध्याय, ईश्वरप्राणिधान ।

शौचको लागि वेद संहितामा निम्न पर्यायवाची शब्दहरूको प्रयोग भएका छन्– पूता, पावन, पवित्र, पवमान, शुचिः, शुन्धामि आदि । शौच शब्दको अर्थ शुद्धि हुन्छ । शौच दुई प्रकारको हुन्छ । बाह्य शौच र आन्तरिक शौच ।

बाह्यशौच/शुद्धिः शरीरको शुद्धि बाह्य शुद्धि हो ।

आयो अस्मान् मातरः शुन्धयन्तु घृतेन नो धृतवः पुनन्तु ।
विश्वं हि रिपं प्रहन्ति देवीरुदिदाभ्यः शुचिरा पूत एमि ॥

(यजुर्वेद ४/२)

अर्थात्, माताको समान पालन हेतु जल हो । यसबाट पवित्र भएर यसलाई स्वच्छ राखी मनुष्यले नित्य सेवन गर्न आवश्यक छ ।

आन्तरिक शौच/शुद्धिः वाचनिक एवम् मानसिक शुद्धिलाई आन्तरिक शुद्धि भन्न सकिन्छ ।

वाचं ते शुन्धामि प्राणं ते शुन्धामि
चक्षुस्ते शुन्धामि श्रोत्रं ते शुन्धामि
नाभिं ते शुन्धामि मेढ्रं ते शुन्धामि
पायुं ते शुन्धामि चत्रिाँस्ते शुन्धामि ॥ (यजुर्वेद ६/१४)

अर्थात्, वेद एवम् वेदका अंग उपाङ्गको शिक्षाद्वारा देह, इन्द्रिय, अन्तःकरण, साथै मनको शुद्धि शरीरको पुष्टि तथा प्राणको पुष्टि सम्वन्धी चर्चा पाइन्छ । यसैगरी हामीलाई बाह्य शौचको साथसाथै आन्तरिक शौच पनि उत्तिकै आवश्यक छ भनेर यजुर्वेदमा उल्लेख गरेको पाइन्छ ।

सन्तोषः सन्तोष शब्दलाई वेद संहितामा निम्न शब्दहरू प्राप्त गर्न सकिन्छ– संतोषवाची, तोशमानाः, तुषयन्ती, तोशतमाः । अक्षैर्मा दीव्यः कृषिमित्कृषस्न वित्तै रमस्व बहु मन्यमानः । (ऋग्वेद १०/३४/१३)

अर्थात् कृषि आदि परिश्रमसाध्य कर्म गर । यस प्रकारबाट जुन धन अन्न मिल्दछ, यसलाई स्वीकार गरेर यसैमा सन्तोष गरी प्रसन्न रहनु भनेर ऋग्वेदमा सन्तोषको चर्चा गरिएको छ ।

तपः वैदिक संहितामा तपको वर्णन विस्तृत रूपमा गरिएको छ–

कुष्ठः को वामश्विना तपानो देवा मर्त्यः ।
घ्नता वामश्मया क्षपमाणोशुनेत्थमु आद्वन्यथा ॥ (सामवेद ३०५)

अर्थात् परमात्मा र जीवात्मा रूप अश्वि सदा मनुष्यको हृदयमा विराजमान छन् । जसले आफ्नो योग्यताअनुसार ज्ञान, कर्म, आस्था, भक्ति इत्यादि अर्पण गर्दछ, उसलाई उहाँ सधैं सद्प्रेरणा प्रदान गर्नुहुन्छ । तर जसले वेवास्ता गर्छ, उसँग रिसाउनु हुन्छ । त्यसैगरी शिक्षा र उपदेश गरेर राम्रो काम गर्ने गुरूलाई खाना, लत्ताकपडा आदि वा निश्चित पारिश्रमिक नदिने मानिसमाथि अपराध हुन्छ ।

सामवेदमा यस मन्त्रमा तपस्वी व्यक्तिले नै परमात्माको कृपा प्राप्त गर्न सक्दछ भनी उल्लेख गरिएको छ ।

स्वाध्यायः यजुर्वेदको निम्न मन्त्रले स्वाध्यायको रूपमा ॐ पदको जपलाई बताइएको छ । ॐ ऋतो स्मर

(यजुर्वेद ४०/१५)

यसै ॐ को जपबाट नै हामी हामीलाई जान्न पुग्दछौं । ॐ विश्वकै एक चैतन्यता हो । यहि ॐ हाम्रो शरीरमा बसेमा एक व्यक्ति बन्दछ । स्वाध्याय ॐ कारको माध्यमले गरिन्छ ।

ईश्वर प्राणिधानः विभिन्न रूपमा ईश्वरको स्तुति एवम् प्रार्थना गर्नु ईश्वर प्राणिधान नै हो ।

आसनः आसन शब्द अस धातुबाट बनेको हो । जसको अर्थ हुन्छ– बस्नु, स्थिर हुनु, सुखमय स्थितिको प्राप्ति गर्नु ।

क्षा यन्मा देना अरूहन्नृतस्र्यं कमासीन र्ध्यतस्यपृष्ठौ ।

मनश्चिम्में हृद आ प्रत्यवोच्दचिक्रदछिंशुमन्तः सखायः ।

(ऋग्वेद ८/१००/५)

आसनमा बसेका ऋषिले सत्य ज्ञानको प्राप्तिको कामना गर्दछन् । वेदमा विभिन्न स्थानमा विभिन्न प्रकारको शारीरिक स्थितिको वर्णन मिल्दछ । वेदको जुन आसन छ, त्यो दैनिक जीवन चर्याको आसन हो । ज्ञानको आसन हो, अध्यापनको (पढाउने) आसन हो, जस्तो कि अध्यापनको लागि ऋग्वेदमा निषीदतः तथा संसोदल पदको प्रयोग गरिएको छ । निषीदत एक शारीरिक संरचना हो जुन अध्यापनको समय, शस्त्रार्तको समय प्रयोग हुन्छ ।

विश्वे देवास अःगत श्रृषुता म इमं हृवम् एदं बर्हिनिषीदत ॥

(ऋग्वेद २/४१/१३)

अर्थः विद्यार्थीहरूलाई निर्देश गरिएको छ, शिक्षकहरूलाई भन्नुहोस् कि तपाई यहाँ आउनुहोस्, उत्तम आसनमा (सहज आसनमा) बस्नुहोस् र हामीले जुन शास्त्र पढेका छौं, त्यसको परीक्षा गर्नुहोस् भनेर आसनको बारेमा यसरी ऋग्वेदमा बताइएको छ । हामीले हठयोग ग्रन्थमा पातञ्जल योग दर्शन आदिमा आसनको जुन स्वरूप देखेका छौं, त्यो आसन यहाँ वैदिक संहितामा अलि भिन्न प्रकारको छ ।

प्राणायामः वैदिक संहितामा आध्यात्मिक विकासको लागि प्राणायामको लाभ विशेष रूपले वर्णन गरिएको छ । सामवेदमा बताइएको छ–

अगन्म वृत्रहन्तमं ज्येष्ठमाग्निमानवम् ।

यः स्म श्रुतर्वन्नार्क्षे वृहदनीक इध्चेते ॥

अर्थः प्राणायामको अभ्यासीहरूको लागि ईश्वर प्राप्ति सुलभ हुन जान्छ । वेदमा प्राणायाम ईश्वर प्राप्तिको लागि भनी बताइएको छ ।

प्रत्याहारः वेदमा प्रत्याहारको स्वरूपः कर्मेन्द्रिय, ज्ञानेन्द्रिय तथा कर्म र ज्ञान दुवैलाई समायोजन गर्न एउटा इन्द्रिय (मन) भनी बताइएको छ । मन उभय इन्द्रिय हो । मनमा ज्ञानको शक्ति पनि छ, कर्मको शक्ति पनि छ । यसैकारण मनको नियन्त्रण यति धेरै कठिन हुनजान्छ । यसको नियन्त्रण कर्म ज्ञानका समुच्चयद्वारा हुन जान्छ । यसको चर्चा वशिष्ठ संहितामा महर्षि वशिष्ठले गर्नुभएको छ । यसको चर्चा वेदमा यसरी गरिएको छ–

भद्रं कर्णेभिः श्रृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः

(ऋग्वेद १/८९/८ तथा यजुर्वेद २५/२१)

प्रत्याहार भनेको इन्द्रियका विषयवस्तु हटाएर चित्तको स्वरूपमा स्थित गर्नु हो । चित्तको स्वरूप हो ज्ञान प्राप्त गर्नु, चित्तको स्वरूप हो विवेक, सत्य, अविद्याको नष्ट गर्नु, ज्ञान विज्ञान बढाउनु । जब इन्द्रिय वाह्य विषयवस्तुबाट हटेर चित्तको स्वरूपमा स्थित वा स्थिर रहन्छ त्यसलाई प्रत्याहार भनिन्छ । माथिको मन्त्रमा पनि 'इन्द्रियको विषय कानद्वारा भद्र भाव सुनियोस्, साथै आँखाद्वारा मंगलमय दृष्य देखियोस्' भनी पुकार या प्रार्थना गरिएको छ ।

धारणाः वेदमा धारणाको स्वरूप– तत्सवितुवरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् । भनी बताइएको छ । (यजुर्वेद ३/३५)

महर्षि दयानन्दले धीमहिको व्याख्या परमात्मा तत्त्व आफ्नो चित्तमा धारणा गर्नु भनी गर्नुभएको छ ।

सीरा युंजन्ति कवयो युगो वितन्वते पृथक् ।

धीरा देवेषु सुम्नया ॥ (यजुर्वेद १२/६७)

यस मन्त्रमा नाडीहरूमा प्राण तत्त्वको धारण होइन प्राणतत्त्वरूपी परमात्माको ज्ञान लिई नाडीहरूमा परमात्मा तत्त्वको धारण विषयमा चर्चा गरिएको छ । यसमा ब्रह्म तथा प्राणलाई एकै रूपमा लिइएको छ ।

ध्यानः आ त्वा विशन्त्विन्दवः । समुद्रमिव सिन्धवः ।

न त्वा मिन्द्रातिरिच्यते ॥ (ऋग्वेद ८/९२/२२)

जुन प्रकार जल समुद्रमा मिल्दछ, उसै प्रकार इन्द्रियहरू साथै चित्त ईश्वरमा लगाउनु पर्दछ ।

तेजोमय परमात्माको ध्यान गर्ने निर्देश वेदमा गरिएको छ ।

समाधि : यदग्ने स्यामहं त्वं त्वं वा धा स्या अहम्

स्टुष्टे सत्या इहशिषः ॥ (ऋग्वेद ८/४४/२३)

प्रस्तुत मन्त्रमा ईश्वरसँग समाधिको प्राप्तिको प्रार्थना गरिएको छ । यसरी वैदिक वाङ्मयमा अष्टाङ्ग योगको स्वरूप व्याख्या गरिएको छ ।❖

–सामाखुशी, काठमाडौं

साधना-सूत्र परिचर्चाको आलोकमा

डा. इन्दुल केसी

योगाचार्य उद्धवप्रसाद भट्टराईले आफू लेखक एवम् सङ्कलक भई गर्नुभएको पुस्तक पढ्ने अवसर मैले पाएँ । हृदयस्पर्शी, महानतम् अनुभूति, विशिष्टतम् साधना, आत्मज्ञानपरक, ज्ञानबर्धक, आध्यात्मिक विचार प्रेरक, भक्तिरसपूर्ण एवम् रहस्यमय ज्ञान–विज्ञानले ओतप्रोत भएको जीवनउपयोगी नेपाली भाषामा लेखिएको यो पुस्तक पढ्ने र यसमा रहेका अमूल्य ज्ञान र सिप आफ्ना जीवनमा अवलम्बन गर्नुहुने सबैको जीवन धन्य हुनेछ भन्ने मलाई लाग्छ ।

पुस्तकमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा ख्याति कमाउनुभएका सन्तहरूको परिचय पूर्णरूपमा गराइएको छ ।



भारतको जम्बु कास्मिरमा जन्मनुभएका स्वामी १००८ सच्चिदानन्द विशुद्धदेव (पूर्णचन्द्र शर्मा)ले दिल्ली विश्वविद्यालयबाट भौतिक शास्त्र, राजनीतिक शास्त्र र दर्शन शास्त्रसमेत गरी तीन विषयहरूमा स्नातकोत्तर गर्नुभएको थियो । साथै वेद, वेदान्त शास्त्र, पुराण, योग, मनोविज्ञान र आयुर्वेद शास्त्रको प्रचुर ज्ञान उहाँले हासिल गर्नुभएको थियो । उहाँले मानसरोवर कैलाश पर्वत नजिकै रहेको गन्धमादन पर्वतमा बीस वर्षसम्म कठोर तपस्या गर्नुभएको थियो । उहाँ चारित्रिक चेतना र आध्यात्मिक ज्ञान प्रसारको सिलसिलामा विश्वका सयौं मुलुकहरूको यात्रा गरिसकेपछि सन् १९८३ मा नेपाल आउनुभयो ।

नेपालमा उहाँको बसाइ १८ वर्षमा दाङ जिल्लाको बेलझुण्डी, काठमाडौँ स्वयम्भूको गीता मन्दिर, काठमाडौं लाल दरबार तथा काभ्रे जिल्लाको जनागालस्थित हंसदा आश्रममा भएको थियो । उहाँले नेपालमा चरित्र निर्माण संघको स्थापना गर्नुका साथै चरित्र विज्ञान पुस्तक लेखी प्रकाशित गर्नुभयो । नेपालमा हजारौं शिष्यहरूलाई चरित्र योग-ध्यान आदिको शिक्षा दिनुका साथै सयौं जनालाई दीक्षा प्रदान गर्नुभयो । स्वामी विशुद्धदेवका शिष्यहरूमा तत्कालीन दरवारका उच्च पदमा रहेका शाही परिवार, राणा परिवारका व्यक्तिहरू, निजामती, सैनिक, बहालवाला तथा भूतपूर्व कर्मचारीहरू, प्रोफेसर, लेखक बुद्धिजीवी तथा सयौं महिला र सज्जनहरूले उहाँसँग प्रत्यक्ष साक्षात्कार गरी दिव्य चारित्रिक ज्ञान हासिल गरेका थिए । यसै क्रममा उक्त पुस्तकका लेखक श्री उद्धवप्रसाद भट्टराई र म स्वयंले पनि उहाँबाट ज्ञानगुनका शिक्षा प्राप्त गर्नुको साथै दीक्षित हुने सौभाग्य पाएका थियौं ।

यस दिव्य साधना सूत्र पुस्तकमा २६८ पृष्ठ छन् । यसको आकर्षक आवरण कला श्री माधवप्रसाद भट्टराईज्यूबाट तयार गरिएको स्वामी विशुद्धदवज्यूका रङगीन चित्रले सजिएको छ । यो पुस्तक पाँच भागमा विभक्त छ । प्रथम भागमा सनातन चारित्रिक पुरूष श्री १००८ स्वामी सच्चिदानन्द विशुद्धदेवज्यूसँग साक्षात्कार भएका स्वर्णिम ज्ञान र अनुभूतिहरूअन्तर्गत विभिन्न सात ओटा

लेखहरू छन् । दोस्रो भागमा वैदिक ऋषिहरूको विचरण स्थल- हिमालय क्षेत्रको सामान्य परिचयअन्तर्गत पाँच ओटा लेखहरू छन् । तेस्रो भागमा स्वर्णिम साधना एवम् चिन्तन अन्तर्गत २४ ओटा लेखहरू छन् । चौथौ भागमा श्रीमद्भागवत् महापुराणसँग सम्बन्धित केही दिव्य ज्ञानमय कथा अन्तर्गत पाँच ओटा लेखहरू छन् । पाँचौँ भागमा केही दिव्य महापुरूषहरूका सङ्क्षिप्त जीवनकथा अन्तर्गत पाँच ओटा लेखहरू छन् । यसरी यस पुस्तकमा जम्मा ४३ ओटा साह्रै गहकिला लेखहरू रहेका छन् । पुस्तक तयार गर्न लेखकले सन्दर्भ सामग्रीको रूपमा ३८ ओटा विभिन्न पाठ्य सामग्रीहरूको फेहरिस्त पनि उल्लेख गर्नुभएको छ ।

लेखक उद्धव प्रसाद भट्टराईका आर्थिक, सामाजिक, आध्यात्मिक, शैक्षिक, राजनैतिक, प्रसिद्ध माहात्माहरूको जीवनी तथा सन्देश र चारित्रिक चेतना सम्बन्धी लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भै रहेको हुँदा धेरै पाठकहरूमा उहाँ परिचित व्यक्ति हुनुहुन्छ ।

यस पुस्तकका बारे तीन जना विशिष्ट महानुभावहरूको उद्गार व्यक्त गर्नुभएको छ- १. तत्कालीन राजपरिषद् स्थायी समितिका सदस्य डा. स्वामी प्रपन्नाचार्यले आफ्नो शुभकामना मन्तव्यमा लेख्नुभएको छ- विशुद्धदेवजीलाई अँगालेर उद्धवप्रसाद भट्टराईजीले स्वामीजीको बारेमा एउटा मेरा अनन्य मित्र स्वामी परिच्छेद नै पूरा लेखेर स्वामीजीको धेरै ऐतिहासिक कुरा प्रस्ट पार्नुभएको छ । यो अत्यावश्यक काम थियो । जो उद्धवजीले पूरा गर्नुभएको छ ।' २. शङ्कराचार्य मठ, देवपत्तन पशुपतिका डा. स्वामी रामानन्द गिरीजीले शुभ सम्मतिमा लेख्नुभएको छ- यस ग्रन्थमा योगाचार्यज्यूले गागरमा सागर भरेकी जीवनका लागि अत्यन्त उपयोगी, अमूल्य रत्नहरूको संग्रह गर्नुभएको छ । यो ग्रन्थमा के छैन ? सद्गुरूको लक्षण यस ग्रन्थमा छ भने सत्शिष्यको लक्षण त यसमा छ ।' ३. राष्ट्रकवि माधवप्रसाद घिमिरेले आफ्नो मन्तव्यमा लेख्नुभएको छ- 'विशुद्धदेव एवम् दिव्य साधना- सूत्र' नामक पुस्तकका प्रणेता योगाचार्य उद्धवप्रसाद भट्टराईले महर्षिको जीवनचरित्रलाई सरल शैलीमा लेखेका छन् र स्थिति गत्यात्मक दर्शनलाई पनि रोचक शैलीमा लेखेका छन् ।

मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमान्दारी भन्ने स्वामी विशुद्धदेवको महानवाणीलाई आत्मसात् गरी लेखकले लेखेका यस पुस्तकमा रहेका सबै लेखहरू रोचक र ज्ञानवर्द्धक छन् । मानव जीवनमा चरित्रको ठुलो महत्त्व रहन्छ । सबै मानिसहरू चरित्रवान् हुन सके यो धर्ती नै स्वर्ग हुनेछ । चरित्रवान हुनुका साथै मानिसहरूलाई सही शिक्षादीक्षा प्राप्त हुन जरूरी छ । यसरी नै मानिसहरू निरोगी हुनु पनि अत्यावश्यक छ । यसका लागि अति महत्त्वपूर्ण कुराहरू- योग संस्कृति, आध्यात्मिक साधना, योगसाधना, अष्टाङ्ग योग- यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान, निर्वाण वा समाधिका बारे पनि यस पुस्तकमा विषद्रूपमा चर्चा गरिएको पाइन्छ । अर्को यस पुस्तकको विशेषताको रूपमा श्रीमद्भागवत् महापुराण महात्य, ऋषि गुरू दत्तात्रय, भगवान् श्री कृष्ण, सन्त तुलसीदास, माहात्मा गौतम बुद्ध र शिवपुरी बाबाको बारे पनि समुचित चर्चा गरिएको छ ।❖

-भक्तपुर

कीर्ति लोकार्पण: उद्धवप्रसाद भट्टराईद्वारा लिखित 'विश्वप्रसिद्ध सन्तहरूको जीवन चरित्र' नामक पुस्तकको विमोचन कार्यक्रममा प्रमुख अतिथि सं पूर्व उपराष्ट्रपति परमानन्द झा सहित अन्य अतिथिहरू ।

द्वारेमा रामकृष्ण डंगोल नियुक्त

पशुपति क्षेत्र विकास कोषले अमालकोट कचहरीको द्वारेमा रामकृष्ण डंगोललाई नियुक्त गरेको छ । करिव एक वर्ष अगाडि उमेर हदका कारण अनिवार्य अवकासमा पर्नुभएका पूर्ण डंगोलको पदावधि समाप्ति पछि रिक्त पदमा गत असार ३१ गते कोषले उहाँलाई सेवा करारमा नियुक्त गरिएको हो । साउन १ गते नै उहाँले सपथ ग्रहण गरी कार्यभार सम्हाल्नुभएको छ ।

नि:शुल्क पानी सेवा

नयाँ साझा चौतारी संस्थाको सक्रियतामा साउनको सोमबार पशुपति परिसरमा भक्तजनहरूको निम्ति नि:शुल्क खाने वितरण गरिएको छ । चन्द्रमास अनुसार श्रावण मास शुरू भएको मान्यता अनुरूप असार २५ गते सोमबारबाटै नि:शुल्क पानी वितरण कार्य शुरू गरिएको संस्थाकी अध्यक्ष उषा दुगडले बताउनुभयो । उहाँका अनुसार साउन महिनामा पुरूषोत्तम मास परेकोले भदौको दोश्रो सातामात्र शुद्ध श्रावण शुक्लपक्ष समापन हुने हुँदा त्यो अवधिसम्मका हरेक सोमबार जल वितरण गरिने छ ।

सामाजिक सेवाको उद्देश्य लिई स्थापित 'नयाँ साझा चौतारी' एउटा सामाजिक सेवामूलक संस्था हो । आफ्नो मुख्य सेवा स्थलको रूपमा पशुपति क्षेत्रलाई बनाएको यो संस्थाले यस क्षेत्रमा विशेष गरी तीज, शिवरात्रि र अन्य चाडहरूमा स्वास्थ्य शिविर सञ्चालन, पानी वितरण लगायतका कार्यहरू गर्दैआएको छ । संस्थाका पदाधिकारीका अनुसार गत असार १६ गते संस्थाद्वारा पशुपति परिसरमा मधुमेह तथा जनरल स्वास्थ्य परीक्षणको शिविर सञ्चालन गरिएको थियो जसमार्फत १५० व्यक्तिले सेवा लिएका थिए । संस्थाकी सचिव दमन्त अधिकारीका अनुसार संस्थाका सदस्यहरूले आफ्नै आर्थिक सहयोगमा सेवाका कार्यहरू गर्दैआएका छन् ।

साउने सोमबारमा महाआरति गरिने

साउने सोमबारलाई लक्षित गर्दै श्रीपशुपति इतापाखा उपभोक्ता समाजको आयोजनामा पशुपति क्षेत्र इतापाखा चौतारामा भजनकीर्तन सहित महाआरतिको कार्यक्रम सञ्चालन गरिने भएको छ । संस्थाका अध्यक्ष समाजसेवी रत्न कपालीका अनुसार हरेक सोमबार तीन बजेबाट आरम्भ हुने सो कार्यक्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्यातिप्राप्त कलाकारहरूको प्रस्तुति रहनेछ । कार्यक्रममा कलाकारहरूको संयोजन पशुपति भण्डारी सेवक संघका अध्यक्ष एवम् समाजसेवी केदारमान भण्डारीले गर्नुहुने जनाइएको छ ।

मत्स्यनारायण मेला हुने

पुरूषोत्तम मासको अवसरमा आयोजना हुने मत्स्यनारायण मेला साउन २ गते प्रारम्भ भइ ३१ गते समापन हुने भएको छ । कीर्तिपुरको मत्स्यगाउँमा लाग्ने मेलामा देशका विभिन्न भागबाट लाखौं तीर्थयात्रीहरूले स्नान र दर्शन गर्ने गर्दछन् । मत्स्यनारायण मेलाको अवसरमा उक्त क्षेत्रमा विभिन्न धार्मिक संस्थाहरूको आयोजनामा भजनकीर्तन र प्रवचनका कार्यक्रमहरू समेत आयोजना हुने गर्दछ ।

पुरूषोत्तम मासमा प्रवचन हुने

अधिकमासको अवसरमा वैदिक सनातन धार्मिक महासंघको आयोजनामा श्रीमद्‌भागवतको एकादश स्कन्दमा आधारित विशेष प्रवचन हुने भएको छ । महासंघका अध्यक्ष आचार्य द्रोण सुवेदीद्वारा प्रवचन हुने सो कार्यक्रम हरेक दिन अपरान्ह ३:१५ देखि ४:४५ सम्म महासंघकै कार्यालय उमाकुण्डमा आयोजना गरिने बताइएको छ ।

यसैगरी अधिकमासको अवसरमा पशुपतिमा पुरूषोत्तम महात्म्य एवम् शिव महापुराण कथा प्रवचन भइरहेको छ । यही साउन १ गते देखि २८ गते सम्म सञ्चालन हुने यस कार्यक्रममा आचार्य घिमिरे नारायणी माताज्यूको मुखारबिन्द बाट कथा प्रवचन गरिएको छ । हिन्दु सनातन वैदिक धर्मको रक्षा गर्न, राष्ट्र शान्ति र दैविक शक्ति प्राप्त भएका देवदेविजनहरूलाई एकजुट बनाएर सम्पूर्ण भक्तजनको सुख, शान्ति र समृद्धिको कामना गर्दै सो अनुष्ठानको आयोजना भएको मनकामना माता महागौरी (कुमारी खड्का)ले बताउनुभयो । ❖

चट्याङको समयमा सतर्क रहौं ।

चट्याङबाट बच्ने उपायः

- ❑ बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- ❑ विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- ❑ बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- ❑ सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- ❑ खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- ❑ सकभर अग्लो स्थानमा नबस्ने,
- ❑ धातुका ह्याण्डल, चेन भएका व्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ । सहयोगको निम्ति-

eSewa
GAURI PUBLICATION
9851053601

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ

अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरू:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला साथै बती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

नव वर्ष २०८०को पावन अवसरमा
हाम्रा समस्त ग्राहक महानुभावहरूमा हार्दिक शुभकामना !
शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौ, फोन: ०१-४०२२५४४

ॐ
पिवत भागवतं रसमालयं मुहुरहो रसिका भुवि भावुकाः ॥

हार्दिक निमन्त्रणा

पुरूषोत्तम मासको पावन अवसरमा श्रीमद्भागवतको एकादशस्कन्धमा आधारित प्रवचन हुने भएकाले श्रद्धालु भक्तजनहरूलाई हार्दिक निमन्त्रणा गर्दछौं ।

वक्ताः- पूज्य श्री द्रोण सुवेदी
मितिः श्रावण २ गतेदेखि श्रावण ३२ गतेसम्म ।
समय : दिउँसो ३ बजेदेखि ३:४५ सम्म नामसंकीर्तन तथा भजन
३:४५ देखि ४:४५ सम्म कथा प्रवचन

स्थानः वैदिक सनातन धार्मिक महासंघको कार्यालय, पशुपति
आयोजकः वैदिक सनातन धार्मिक महासंघ

गो.हु.का.(म.क्षे.हु.नि.द.नं.) १०/०६७/०६८

मानव कल्याण समाज
Human Welfare Society

(सेवा घर)

"हुनेबाट सहयोग, नहुनेलाई उपयोग।"

"तपाईको एक गाँस कसैको
एक छाक बन्न सक्छ ।"



"बेवारिसे सडकमानव मुक्त नगर,
सुन्दर पशुपतिको रहर ।"

"तपाई एक छाक खुवाउनुहोस, बांकी हामी जुटाउँछौं ।"

साथ र सहयोगको लागि:

सम्पर्क: ९८५१२७४८३०
९८५१२७४८३२
९८५१२७४८३४

स्थान: पशुपति क्षेत्र, बनकाली आश्रम

खाता नम्बर: ०१७१५३३३०३१

सिद्धार्थ बैंक, कमलबिनायक शाखा

खाता नाम: **Manab Kalyan Samaj**

"भोको पेटलाई भोजन सेवा,
सर्वोत्कृष्ट मानव सेवा ।"